का.जि.प्र.का.द.नं. १००/०५९/६०

१० कात्तिक २०८१,
शनिबार
26 October, 2024
Saturday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

वर्ष २२, अंक २५० । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

ईपेपर हेर्न

# पछि हट्यो रास्वपा

पार्टी सभापति रवि लामिछाने पक्राउ परेलगत्तै सडक प्रदर्शनमा उत्रिएका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का नेता/कार्यकर्ताहरू एक सातामै ब्याक भएका हुन् । एक सातादेखि प्रहरी हिरासतमा रहेका लामिछानेको हिरासत अवधि कति हुन्छ भन्ने एकिन छैन ।

**भावना पाठक/मध्यान्ह**
काठमाडौं, ९ कात्तिक ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले आन्दोलनको स्वरुप बदल्ने भएको छ । एक सातादेखिको सडक प्रदर्शनमा रहेको रास्वपाले बिहीबार प्रदर्शन नै स्थगित गरेको छ । सहकारी बचत रकम हिनामिना प्रकरणमा संलग्न रहेको आरोपमा पक्राउ पार्टी सभापति पक्राउ परेलगत्तै सडक प्रदर्शनमा उत्रिएका रास्वपाका नेता/कार्यकर्ताहरू एक सातामै ब्याक भएका हुन् ।

लामिछाने एक सातादेखि प्रहरी हिरासतमा छन् । उनको हिरासत अवधि कति हुन्छ भन्ने यकिन छैन । बिहीबार मात्रै कास्की जिल्ला अदालतले सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरण सम्बन्धी कसुरमा अनुसन्धानका लागि थप ७ दिन हिरासतमा राख्न अनुमति दिएको थियो । यसअनुसार लामिछाने कातिक १४ गतेसम्म हिरासतमा रहनेछन् । १५ गतेदेखि तिहारको बिदा छ । त्यसपछि अदालत १९ गतेसम्म बन्द रहन्छ । २० गतेमात्रै लामिछानेको सम्बन्धमा हिरासतमा राख्ने अनुमतिका लागि अदालतमा प्रस्ताव पुग्छ । त्यसपछि प्रहरीले लैजाने समयमा आधारमा अदालतले आदेश दिनेछ ।


तस्बिर : अनु अर्पण/मध्यान्ह

यसबीचमा रास्वपाले सभापति पक्राउ भएपछिको राजनीति र पार्टीले गरेको आन्दोलनको समीक्षा गर्नेछ । संगठित अपराध सम्बन्धी कसुरमा अनुसन्धानका लागि ६० दिनको हद म्याद हुन्छ भने सम्पत्ति शुद्धीकरणमा ९० दिनको हदम्याद रहन्छ । यति लामो समय लामिछाने हिरासतमा रहे भएपछि रास्वपाले आन्तरिक समीक्षा गर्न लागेको हो ।

रास्वपाको संसदीय दलका उपनेता विराजभक्त श्रेष्ठका अनुसार अबका विरोध कार्यक्रम केन्द्रीय समितिको बैठकले निर्णय गर्नेछ । पोखराबाट सुरु भएको विरोध प्रदर्शनलाई काठमाडौंमा निरन्तरता दिने भनिएता पनि रास्वपाले एकास्सी प्रदर्शन स्थगित गरेको हो ।

काठमाडौं जिल्ला समिति आयोजक र केन्द्रीय सदस्य पुकार बम संयोजक भएर शुक्रबारको विरोध कार्यक्रम गरिएको थियो । तर, प्रदर्शन स्थगित गर्नुको कारण आन्तरिक समीक्षाका लागि भएको श्रेष्ठले बताए । उनका अनुसार अबका कार्यक्रम केन्द्रीय समितिको बैठक बसेर निर्णय गर्नेछ ।

उनका अनुसार विरोध कार्यक्रम गर्नका लागि उपत्यकामा पार्टीको एउटा संरचना बनाएर त्यसमा गर्ने सम्भावना खोजिनेछ । रास्वपाले पार्टी सभापति लामिछानेलाई राजनीतिक प्रतिशोधका आधारमा पक्राउ गरी मुद्दा चलाएको आरोप लगाउँदै आएको छ ।

लामिछाने यही कातिक २ गते पक्राउ परेका थिए । कास्की जिल्ला अदालतको आदेशमा कास्की प्रहरीले उनीसहित १४ जनाविरुद्ध सहकारी ठगी प्रकरणमा पक्राउ पूर्जी जारी गरेको थियो ।

त्यसआधारमा काठमाडौंको चमतीस्थित पार्टी कार्यालय परिसरबाटै लामिछानेलाई प्रहरीको केन्द्रीय अनुसिन्धान ब्युरो (सीआइबी)ले पक्राउ गरेको थियो । कास्कीस्थित सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्थाको रकम अपचलन प्रकरणमा लामिछाने पक्राउ परेका हुन् ।

## जुवातासले गर्छ सर्वनाश

जुवातासको लतले,

- पारिवारिक कलह, झै-झगडा हुने गर्छ,
- सामाजिक तथा पारिवारिक वातावरण अशान्त र कोलाहलपूर्ण हुन्छ,
- सम्पत्तिको नाश र परिवारको बिचल्ली हुन सक्छ,
- सामाजिक र आर्थिक संकट उत्पन्न हुन्छ,
- पारिवारिक बिखण्डनको सम्भावना बढ्छ,
- सन्ततिहरू समेत कुलतमा फस्ने सम्भावना हुन्छ,
- सामाजिक प्रतिष्ठामा आँच आउछ,

*त्यसैले सम्पत्ति हारजित हुने जुवालगायतका खेल नखेलौं, परिश्रममा विश्वास गरौं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड

# पार्टीको नाममा ‘क्रान्ति’ राख्न नपाइने




**शिव विक/मध्यान्ह**
काठमाडौं, ९ कात्तिक ।

पार्टीको नाम राख्दा राजनीतिक दलले ख्याल गर्नुपर्ने भएको छ । राजनीतिक दलले पार्टीको नाममा ‘क्रान्ति’ शब्द राख्न नपाउने भएका हुन् ।

क्रान्ति शब्द भएकै कारण राजेन्द्र महतो नेतृत्वको पार्टीले नाम फेर्नुपरेको छ । निर्वाचन आयोगले क्रान्ति शब्द राखेर दल दर्ता निवेदन दिएको थियो । तर, यही नाम दिन निर्वाचन आयोगले अस्वीकार गरिदिएपछि महतोले नयाँ नाम राखेका हुन् ।

> राजनीतिक दलले पार्टीको नाममा ‘क्रान्ति’ शब्द राख्न नपाउने भएका हुन् ।

नयाँ नाम राष्ट्रिय मुक्ति पार्टी नेपाल र चुनाव चिन्ह माछा प्रस्ताव गरिएको छ ।

गत वर्ष असोज १ गते लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) छाडेर महतोले राष्ट्रिय मुक्ति क्रान्ति अभियान चलाएका थिए । त्यही नाममा दल दर्ता गर्ने निर्णय गरेका थिए । त्यसअनुसार आयोगमा निवेदन समेत दिएका थिए । तर आयोगले क्रान्ति शब्द राख्न अस्वीकार गरेपछि राष्ट्रिय मुक्ति पार्टी नेपाल नाम राखिएको नेताहरू बताउँछन् ।

राष्ट्रिय मुक्ति पार्टी मार्फत् एकल राष्ट्रिय राज्य नेपाललाई बहुल राष्ट्रिय राज्यमा रुपान्तरण गर्ने लक्ष्य राखेका छन् । स्वदेशवाद, बहुलराष्ट्रवाद, सामुदायिक समाजवादको मार्ग निर्देशक सिद्धान्त मार्फत् नेपाललाई बहुल राष्ट्रिय राज्यको रुपमा रुपान्तरणको निमित्त राष्ट्रिय मुक्ति क्रान्तिले अभियानमा निरन्तरता, संघर्षमा जोड पृष्ठ २ मा



## एकताबद्ध सत्तारुढ

# विपक्षीको विरोध रोक्ने रणनीति

विपक्षी दलहरू सरकारको विरोध र आलोचनामा उत्रिएपछि संयुक्त वक्तव्य निकालेर सत्तारुढ दलहरूले एकताको सन्देश दिएका हुन् । एकताबद्ध भएर सरकारविरुद्धको विरोध रोक्ने सत्तापक्षको रणनीति छ ।



> सत्तारुढ दलहरुको तर्फबाट संघीयता कार्यान्वयनको सम्बन्धमा आवश्यक कानून निर्माणको प्रक्रियालाई अनौपचारिक र औपचारिक तरिकाबाट छलफल गरी छिटो निरुपण गर्ने कुरामा जोड दिइएको छ ।
>
> **शंकर पोखरेल**
> **महासचिव, नेकपा एमाले**

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ९ कात्तिक ।

सत्ता गठबन्धनमा आवद्ध सात राजनीतिक दलहरूले संयुक्त वक्तव्य निकालेका छन् । विपक्षी दलहरू सरकारको विरोध र आलोचनामा उत्रिएपछि संयुक्त वक्तव्य निकालेर सत्तारुढ दलहरूले एकताको सन्देश दिएका हुन् । एकताबद्ध भएर सरकारविरुद्धको विरोध रोक्ने सत्तापक्षको रणनीति छ ।

वक्तव्यमार्फत सत्तारुढ दलहरूले सरकारले तय गरेका कार्यक्रम र योजना पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# आन्तरिक रोजगार सुनिश्चित नभएसम्म वैदेशिक रोजगारको विकल्प छैन : श्रममन्त्री भण्डारी

**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ कात्तिक

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले आफ्नो एक सय दिनको मन्त्रालयको जिम्मेवारीमा वैदेशिक रोजगार सुधार तथा आन्तरिक रोजगारीमा उल्लेखनीय पहल भएको बताएका छन् । मन्त्रालयको जिम्मेवारी सम्हालेको एक सय दिन पूरा भएको अवसरमा शुक्रबार राजधानीमा आयोजित पत्रकार सम्मेलनमा मन्त्री भण्डारीले आन्तरिक रोजगारी वृद्धि गरेरमात्र वैदेशिक रोजगारमा अपेक्षित सुधार गर्न सकिने बताउँदै वैदेशिक रोजगारीमा जाने नेपाली कामदारको सीप र क्षमता विकासको पक्षमा पनि मन्त्रालयले दीर्घकालीन सुधारका पहल गरिरहेको बताए ।

उनले भने, ‘आन्तरिक तथा वैदेशिक रोजगारको क्षेत्रमा सुधारका काम धेरै छन्, अन्तर मन्त्रालय समन्वयको अभाव छ, सय दिनभित्रै ठूलाठूला उपलब्धिको अपेक्षा राख्नु व्यवहारिक विषय होइन । नीतिगत सुधारका कामहरू भइरहेका छन् ।’

यस अवधिमा मन्त्रालयले सेवा प्रवाहमा सहजीकरण, सामाजिक सुरक्षा र वैदेशिक रोजगार व्यवस्थापनमा प्रगति भएको भन्दै मन्त्री भण्डारीले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, भैरहवा र क्षेत्रीय विमानस्थल, पोखराबाट श्रम स्वीकृतिलगायत शुरु गर्ने तयारी गरिएको, श्रम स्वीकृतिलगायतका कार्य गर्न सबै सरोकारवालासँग छलफल गरी प्रतिबद्धता प्राप्त भइ यी विमानस्थलबाट सेवा प्रवाहको तयारी पूरा गरिएको बताए ।

मन्त्री भण्डारीले श्रम सम्झौताका माध्यमबाट नेपाली कामदारका अधिकार सुनिश्चित गर्ने प्रयास जारी रहेको भन्दै दक्षिण कोरिया (ईपीएस) र मलेसियासँगको द्विपक्षीय श्रम सम्झौता नवीकरण, साउदी अरेबिया र ओमानसँग द्विपक्षीय श्रम सम्झौताको तयारीमा रहेको बताए । साउदी अरेबियासँग आफ्नो अघिल्लो कार्यकालमा समयावधि तोकेर श्रम सम्झौता गर्ने सहमति भएपनि त्यसपछिको सत्ता समीकरणमा भएको परिवर्तनले त्यसलाई बिथोलेको उल्लेख गरे ।

नेपालको तर्फबाट मलेसियासँगको श्रम सम्झौतालाई अन्तिम रुप दिइ परराष्ट्र मन्त्रालयमार्फत मलेसिया सरकारसमक्ष पठाइएको, तर जवाफ प्राप्त हुन बाँकी रहेको भन्दै ओमानसँगको द्विपक्षीय श्रम सम्झौताका लागि नेपालमा उच्चस्तरीय छलफलपछि प्रारम्भिक सहमतिपछि ओमान पठाइएको बताए ।

स्पेनसँगको श्रम समझदारी पत्रलाई अन्तिम रुप दिइएको, रोमानिया र जापानसँगको द्विपक्षीय समझदारी पत्र कार्यान्वयन गर्न संयुक्त प्राविधिक कार्यदलबाट प्रोटोकल डकुमेन्ट निर्माण गर्ने समझदारी भएको पनि मन्त्रीले भण्डारीले उल्लेख गरे ।

मन्त्री भण्डारीले वैदेशिक रोजगारीमा जाने व्यक्तिलाई बिनाधितो ऋण उपलब्ध गराउनेसम्बन्धी कार्यविधिको अन्तिम मस्यौदा तयार भइ स्वीकृतिको चरणमा पुऱ्याएको, श्रम स्वीकृत नभएका वा श्रम स्वीकृत नवीकरण नभएका नेपाली नागरिकलाई श्रम स्वीकृति दिने अभियान चलाउँदा पुरूष र महिला दुवै कामदार लाभान्वित भएको दाबी गरे । त्यसबाट महिला कामदारले बढी लाभ प्राप्त गरेको उनले जिकिर गरे ।

मन्त्री भण्डारीले मिटरब्याज र अन्य शोषणबाट बचाउन तथा सेवा शुल्क एकिन गर्न वैदेशिक रोजगारीमा जाने व्यक्तिलाई बिनाधितो पृष्ठ २ मा

**स्थानीय तह उपनिर्वाचन**

# निर्वाचन आयोगले माग्यो २० करोड

मंसिर १६ गतेका लागि तय भएको स्थानीय तहको उपनिर्वाचनको तयारीमा आयोग छ । निर्वाचन खर्चका लागि आयोगले आवश्यक रकम सरकारसँग माग गरेको हो ।

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ९ कात्तिक ।

निर्वाचन आयोगले उपनिर्वाचनका लागि आवश्यक रकम मागेको छ । आयोगका अनुसार मंसिर १६ गतेका लागि तय भएको स्थानीय तहको उपनिर्वाचनको तयारीमा आयोग छ । निर्वाचन खर्चका लागि आयोगले आवश्यक रकम सरकारसँग माग गरेको हो ।

स्थानीय तहका रिक्त पदहरूका लागि आगामी मंसिर १६ गते हुने उपनिर्वाचनमा खर्च गर्न निर्वाचन आयोगले सरकारसँग २० करोड रुपैयाँ मागेको छ । उपनिर्वाचनका लागि सरकारले १२ करोड रुपैयाँ आयोगलाई दिइसके पनि अपुग हुने अनुमानित थप ८ करोड रुपैयाँ अर्थ मन्त्रालयसँग माग गरिएको हो ।

निर्वाचनमा कर्मचारी खटाउन, आवश्यक केही सामग्री किन्न, मतगणना लगायतका काममा मुख्य निर्वाचनकै जसरी खर्च हुने आयोगले जनाएको छ ।

आगामी मंसिर १६ गतेका लागि तय भएको स्थानीय तहको उपनिर्वाचनमा उम्मेदवारको निर्वाचन खर्चको सीमा पनि तोकिकएको छ । आयोगले २ दिन अघि बसेको बैठकले खर्चको हद निर्धारण गरेको आयोगले जनाएको हो ।

स्थानीय तहमा रिक्त रहेका जिल्ला समन्वय समितिको प्रमुख वा उपप्रमुख, गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष र वडाअध्यक्ष तथा नगरपालिकाका प्रमुख, उपप्रमुख र वडा अध्यक्ष पदमा उपनिर्वाचन प्रयोजनका लागि स्थानीय तह निर्वाचन ऐन तथा स्थानीय तह निर्वाचन नियमावली, बमोजिम उम्मेद्वारको मनोनयनपत्र दर्ता भएको मितिदेखि निर्वाचनको परिणाम घोषणा भएको अवधिसम्म उम्मेद्वारले खर्च गर्न पाउने रकमको हद तोक्ने गरी आयोगबाट निर्णय भएको हो ।

महानगरपालिकाका प्रमुख तथा उपप्रमुख पदका उम्मेदवारले जम्मा सात लाख पचास हजार पृष्ठ २ मा

# यो वर्ष 'घुम्न जाउँ बर्दिया' अभियान शुरु गर्ने प्रदेश सरकारको निर्णय

**सरु भूसाल/मध्यान्ह**
भालुवाङ, ९ कात्तिक

लुम्बिनी प्रदेशको पर्यटन प्रवर्द्धनका लागि प्रदेश सरकारले यसवर्ष 'घुम्न जाउँ बर्दिया' अभियान सञ्चालन गर्ने भएको छ । सरकारले यो कार्यक्रमलाई आफ्नो नीति तथा कार्यक्रममै समावेश गरेको थियो ।

बर्दियामा पर्यटकको संख्या बढाएर प्रदेशको आर्थिक समृद्धि बढाउने लक्ष्यसहित प्रदेश सरकारले घुम्न जाउँ बर्दिया अभियान शुरु गर्न थालेको हो । यो अभियान आगामी २९ गतेदेखि प्रारम्भ हुने भएको छ। बर्दियाको ठाकुरद्वारामा यो अभियानको सुरुवात गरिने उद्योग पर्यटन तथा यातायात मन्त्रालयले जनाएको छ ।

उद्योग, पर्यटन तथा यातायात मन्त्री प्रचण्डविक्रम न्यौपानेले देशकै प्रमुख पर्यटकीय गन्तव्य बन्दै आएको बर्दियामा पर्यटकहरुको थप आकर्षण बढाउन यो अभियान शुरु गर्न थालिएको बताए ।

'लुम्बिनी प्रदेशको प्रमुख पर्यटकीय गन्तव्य मध्यको एक बर्दिया जिल्ला हो, यहाँ पर्यटकहरुलाई आकिर्षित गर्ने धेरै इभेन्टहरु छन्', मन्त्री न्यौपानेले भने,'यो वर्ष बर्दियामा धेरै भन्दा धेरै पर्यटकहरुलाई भित्र्याएर समग्र प्रदेशको आर्थिक समृद्धिको लक्ष्य हामीले लिएका छौं ।'

एक वर्षे अभियानमा सरकारले बर्दियाका पर्यटकीय थलोहरुका बारेमा पर्यटकहरुलाई जानकारी दिने गरी प्रचारात्मक कार्यक्रमहरु सञ्चालन गरिने भएको छ । बाह्य पर्यटकहरुलाई बर्दियामा आकर्षित गर्नका लागि प्रचारात्मक कार्यक्रम गरिने र यहाँ आउने पर्यटकहरुको सहजताका लागि सम्बन्धित पक्षसँग समन्वय गरिने मन्त्री न्यौपानेले जानकारी दिए ।



'बर्दिया जिल्लामा बाह्य पर्यटकहरु ल्याउनका लागि बर्दिया जिल्लाका पर्यटकीय स्थलहरुका बारेमा सूचना प्रदान गरिनु पर्‍यो, यसका लागि प्रचारात्मक कार्यक्रमलाई बढावा दिइनेछ', मन्त्री न्यौपानेले भने,'यसका लागि बर्दियामा रहेका पर्यटकीय स्थलका बारेमा विभिन्न माध्यमबाट पर्यटकहरुलाई जानकारी गराउने काम हुनेछ ।'

पर्यटकहरुको बर्दियामा प्रमुख आकर्षण भनेको यहाँ पाईने बाघ हो। बाघ हेर्नका लागि बर्दियामा पर्यटकहरु बढ्ने गरेका छन् । जंगल सफारी गरेर बाघ लगाएतका जंगली जनावर हेर्न सकिने यो जिल्लाको प्रमुख पर्यटकीय गन्तव्यका रुपमा बर्दिया राष्ट्रिय निकुन्ज मानिन्छ । यसैगरि बर्दियाको दौलतपुर घाटमा पाइने डल्फिन बाह्य पर्यटकहरुका लागि थप आकर्षणको केन्द्र बन्ने गरेको छ ।

यो घाटमा डल्फिन देखिने गरेको छ । यसैगरि बर्दियामा कृष्णसार देख्न सकिन्छ। कृष्ण सार संरक्षण क्षेत्र बनाएर कृष्णसारको संरक्षणका लागि पहल गरिँदै आएको छ। यसका साथै जिल्लामा रहेका विभिन्न होमस्टेहरु पर्यटकहरुलाई आकर्षित गर्ने थप आकर्षणका केन्द्र हुन्। यि होम स्टेहरुमा स्थानीय परिकारको स्वाद लिन पाइन्छ ।

यसैगरी व्यवसायिक रुपमा कृषि क्षेत्रलाई अगाडि बढाएका विभिन्न स्थलहरु अवलोकन तथा कृषि अध्ययनका लागि पर्याप्त छ । स्थानीय कला संस्कृति झल्कने थारु नृत्य पनि बर्दियाको अर्को आकर्षणको केन्द्र हो। 'बर्दियाामा मुख्यगरी बाघ हेर्न पाइन्छ, बाघ लगाएत अरु जनावर जंगल सफारी गरेर हेर्न पाइन्छ', मन्त्री न्यौपानेले भने,'जंगल सफारी बर्दियाको प्रमुख आकर्षण हो, यससँगै कृष्णसार, डल्फिनको अवलोकनसँगै यहाँका होम स्टेहरुमा पाइने स्थानीय परिकारको स्वाद तथा थारु संस्कृतिको नाच यो जिल्लाका पर्यटकीय आकर्षणका केन्द्र हुन्, यी क्षेत्रहरुको प्रवर्द्धन गरेर बर्दियामा पर्यटक भित्र्याउने लक्ष्य मन्त्रालयको छ ।' यसैगरी धार्मिक पर्यटन अन्तर्गत बर्दियामा विभिन्न पुरातात्विक धार्मिक धामहरु समेत बर्दियाका थप आकर्षण हुन् ।

बर्दियामा पर्यटकहरु भित्र्याउनका लागि उद्योग, पर्यटन तथा यातायात मन्त्रालयले सामाजिक सञ्जाललाई भरपूर प्रयोग गर्ने भएको छ। सामाजिक सञ्जालमार्फत यहाँका पर्यटकीय थलोहरुका बारेमा जानकारी दिने लक्ष्य लिएको मन्त्रालयले यो प्रचारले यहाँको पर्यटकीय क्षेत्रहरुका बारेमा विदेशी पाहुना पर्यटकहरुलाई जारी हुने जनाएको छ ।

यसैगरी छिमेकी मुलुक भारतीय सीमा क्षेत्रमा बर्दियाको पर्यटकीय क्षेत्रको प्रवर्द्धनका लागि प्रचारात्मक अभियान समेत थालिने मन्त्रालयले जनाएको छ । मन्त्रालयले कार्यक्रमका लागि स्थानीय तहहरुसँग समन्वय गर्ने भएको छ। स्थानीय तहहरुले पर्यटकीय स्थलको प्रचार-प्रसारसँगै पर्यटकहरुको उचित बसोबासको व्यवस्थापनका लागि तथा पर्यटकीय स्थलहरुको अनुगमनका लागि समन्वय गर्ने छन् । यसैबीच मन्त्रालय र बर्दियाका स्थानीय तह तथा सरोकारवालाहरुबीच शुक्रबार बर्दियामा समन्वयात्मक बैठक समेत गरिएको छ ।

# काठमाडौंमा एनआरएनएको ग्लोबल सम्मेलन हुँदै




**काठमाडौं/रासस**– 'रूपान्तरण र एकता: श्रम, लगानी, र नागरिकताको निरन्तरता' भन्ने नारासहित काठमाडौंमा गैरआवासीय नेपाली संघ (एनआरएनए) को 'ग्लोबल' सम्मेलन हुने भएको छ ।

यही कात्तिक ११ र १२ गते आयोजना हुने सम्मेलनको प्रधानमन्त्री केपी शर्मा ओलीले उद्घाटन गर्ने कार्यक्रम रहेको एनआएनए अन्तर्राष्ट्रिय समन्वय परिषद्ले जनाएको छ ।

कार्यक्रममा स्वदेश तथा विदेशका पाँच सयभन्दा बढी व्यक्तिको सहभागिता रहने र सात वटा प्लेनरी सत्र रहने परिषद्ले जनाएको छ । कार्यक्रमको पहिलो दिन नेपालमा आर्थिक रूपान्तरणका लागि पूर्वाधार निर्माण, गैरआवासीय नेपाली नागरिकता, मताधिकार र गोर्खा, नेपाली मूलका विदेशी नागरिक (पिएनआ), जलवायु परिवर्तनले महिला तथा बालबालिकामा पार्ने प्रभाव, समृद्ध नेपालका लागि विज्ञान, ज्ञान र प्रविधि हस्तान्तरणसम्बन्धी विषयमा छलफल हुने कार्यतालिका छ ।

यस्तै दोस्रो दिन राष्ट्र निर्माणका लागि प्रवासी युवाहरूको सशक्तीकरण, सुरक्षित, व्यवस्थित र सम्मानजनक वैदेशिक रोजगारीको सुनिश्चितता एवं सामाजिक सुरक्षा र नेपाल पर्यटन प्रवर्द्धन नीति निर्माण, अपेक्षा चुनौती र एनआरएनएको भूमिकालगायत सत्रहरू रहने छन् ।

साथै विगतमा असन्तुष्ट समूहलाई एउटै फोरममा राखी असहमति, असमझदारीलाई छलफलमार्फत समस्या समाधानका लागि आह्वान गर्दै वार्षिक साधारणसभालाई एकताको सभा बनाइने विषयमा छलफल भइरहेको एनआरएनए (केसी समूह)का अध्यक्ष डा बन्द्री केसीले बताए ।

एनआरएनए केसी समूहका उपाध्याक्ष रामशरण सिंखडाले पनि एनआरएनएमा देखिएका कमीकमजोरीलाई सच्याउँदै सबैलाई एकतामा ल्याउने प्रयास गरिने बताएका छन् । अर्का उपाध्यक्ष डा हेमराज शर्माले सम्मेलनले एनआरएनका लक्ष्य कार्यान्वयनका लागि मार्गदर्शन दिने बताएका छन्। सोही पक्षका उपाध्यक्ष रोजिना प्रधान राईले जलवायु परिवर्तनका कारण महिला तथा बालबालिकामा परेको असरका विषयमा सरोकारवाला निकायसँग छलफल गरिने बताएका छन् ।

परिषद्का महासचिव गौरीराज जोशीले एनआरएन डेभलप्मेन्ट फण्ड (१० अर्बको फण्ड) को सञ्चालनका लागि भइरहेको अन्तिम तयारीबारे नेपाल सरकारका मन्त्रीज्यूलगायत सरोकारवालासँग छलफल हुने जानकारी दिएका छन्। उनका अनुसार कात्तिक १२ गते गैरआवासीय नेपाली संघको विधानअनुसार नियमित वार्षिक साधारणसभा आयोजना गरिने छ। संघका ६० भन्दा बढी देशका प्रतिनिधिहरूले प्रत्यक्ष र भर्चुअल माध्यमद्वारा सहभागिता जनाउने उनले बताए ।

साधारणसभामा सहभागी हुन गैरआवासीय नेपाली संघका अधिकांश पदाधिकारीहरू तथा साधारणसभा प्रतिनिधिहरू काठमाडौं आइसकेका छन् ।

# गौरको मेलामा प्रशासनले विभेदपूर्ण व्यवहार गरेको आरोप

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
कार्तिक ९ रौतहट

शान्ति सुरक्षाको नाममा जिल्ला प्रशासन कार्यालय रौतहटले गौरमा सञ्चालनमा रहेको मेलामा साँझ ६ बजे सम्मको समय सीमा तोकेको छ । दशैं, तिहार रमाइलो मेला नाममा एभरेष्ट इभेन्ट म्यानजमेन्टले गौर नगरपालिकाको अनुमतिमा सञ्चालन गरेको मेलामा प्रशासनले समय सीमा भन्दै बिहान ६ बजेदेखि बेलुका ६ बजेसम्म मेला सञ्चालन गर्न निर्देशन दिएको छ ।

मेला महोत्सव सञ्चालनको अनुमति दिने निकाय स्थानीय पालिका भएपनि शान्ति सुरक्षाको हवाला दिँदै प्रहरीले जबरजस्ती ६ बजे नै मेला बन्द गराएको मेला समितिका संयोजक रवि मिश्रले बताए ।

'रौतहट जिल्लाका अन्य स्थानमा कहि कतै मेला लाग्दा उद्योग वाणिज्य संघ, राजनीतिक दल र सर्वपक्षीय भेलाबाट मेला सञ्चालनको निर्णय गरिएको देखिँदैन ।'



संयोजक रवि मिश्रले भने 'तर गौरमा मनोरञ्जनाका लागि मेला लगाउन खोज्दा यी सबै प्रक्रियालाई अनिवार्य बनाइयो, हामीले यो सबै प्रक्रिया पुरा गर्दा पनि अब प्रशासनले ६ बजे साँझमा नै मेला बन्द गराएको छ ।'

मेला सञ्चालनको तयारी हुँदै गर्दा केही व्यक्तिले आर्थिक लोभका कारण विभिन्न संगठनहरुलाई उचालेर मेला लगाउन नदिने षड्यन्त्र समेत गरेका थिए । मेला सञ्चालन गर्न आएकाहरुसँग रकमको माग गर्दै, आफुले अनुमति दिलाई दिने प्रस्ताव गरेका व्यक्तिहरुको स्वार्थ पुरा नभएपछि प्रहरी प्रशासनलाई प्रयोग गरेर अवरोध खडा गर्ने र सामाजिक संजालहरुमार्फत भ्रमको खेती समेत गरेको संयोजक मिश्रले बताए ।

प्रहरी प्रशासनले साँझ ६ बजे नै मेला बन्द गराएपछि स्थानीय समेत आक्रोशित बनेका छन् । 'दिनभरी कामकाज गरेर चाडवाडका बेला बेलुका परिवार बालबच्चासँग मेलामा मनोरञ्जन गर्न जाँदा फर्कनु पर्‍यो ।' गौर ५ का दिपक गुप्ता भन्छन्,'मेला भनेकै बेलुका राति ९-१० बजेसम्म घुम्न जाने ठाँउ हो। तर कही नभएको नियम गौरमै देखियो ।' बिहीवार मेला हेर्न आएकाहरु प्रहरीले साँझमै मेला बन्द गराएपछि आक्रोशित हुँदै फर्किएका थिए ।

शान्ति सुरक्षाको नाममा प्रहरीले मेलाप्रति अन्यायपूर्ण व्यवहार गरिरहेको स्थानीयको आरोप रहेको छ। 'जिल्लाकै अन्य स्थानमा प्रत्येक वर्ष आर्कषक मेला लाग्छ, तर गौरमा वर्षौपछि लागेको मेलालाई कसरी असफल बनाउने भन्ने षड्यन्त्र जारी छ ।' गौरका स्थानीय व्यवसायी पुष्प यादव भन्छन् 'उद्योग वाणिज्य संघले व्यापार व्यवसाय प्रवर्द्धनका लागि काम गर्नुपर्नेमा यहाँ उल्टो भएको छ।' मौलापुर र चन्द्रपुर नगरपालिकाले प्रत्येक वर्ष लगाउने मेलामा समय सीमा नतोकिने तर गौरकै मेलालाई साँझमै बन्द गराउनु दुर्भाग्यपूर्ण रहेको उनले बताए ।

दशैंका बेला दुर्गा भगवती गाँउपालिकामा मेला लाग्दा त्यहाँ कसैले विरोध नगरेको तर गौरमा भने मेलामा पनि तुच्छ राजनीति गर्न खोजेको स्थानीयले बताएका छन् । यस्तो रवैका कारण भोलिको दिनमा कोही पनि व्यक्ति बाहिरबाट गौरमा मेला लगाउन नआउने गौर नगरपालिकाका प्रवक्ता एवम् वडा नं. ९ का वडाध्यक्ष अर्जुन सिंहले बताए । गौर लगायत आसपासका नागरिकहरुको चाहना अनुसार मेलाको समय अवधि राति १० बजे सम्म हुनुपर्ने उनको तर्क रहेको छ ।

शान्ति सुरक्षाका लागि मेला आयोजकले बीमा, सुरक्षागार्ड, घेराबार लगायतको व्यवस्था गरेपनि मेला असफल गराउने प्रयास भइरहेको आयोजकको आरोप रहेको छ ।

# साना किसान कृषि सहकारीको १८औं वार्षिक साधारण सभा सम्पन्न




**मनु यादव निरज/मध्यान्ह**
सप्तरी, ९ कात्तिक

सप्तरीको खडक नगरपालिका वडा नम्बर -१ सिस्वा बेल्हीमा रहेको साना किसान कृषि सहकारी संस्था लिमिटेडको १८ औं वार्षिक साधारण सभा सम्पन्न भएको छ।

सिस्वा बेल्ही साना किसान कृषि सहकारीले सदस्यहरूबीच निक्षेप संकलन, ऋण लगानी, असुली, सदस्यहरूलाई व्यवसायिक ज्ञान, तालिम कार्यक्रम, अनुशरण कार्यक्रम, रेमिटान्स सेवा, पशु बीमा कार्यक्रम सदस्य सुरक्षा, बीच, बचत कार्यक्रम भैंसी प्रवर्द्धन कार्यक्रम गरिरहेको छ ।

कार्यक्रम खडक नगरपालिकाको मेयर जयप्रकाश चौधरीको प्रमुख आतिथ्यता तथा उक्त सहकारीका अध्यक्ष विष्णुदेव मण्डलको अध्यक्षतामा सम्पन्न भएको छ ।

कार्यक्रममा संस्थाको वार्षिक प्रतिवेदन संस्थाका लेखा समिति संयोजक सुरेश प्रसाद श्रेष्ठले प्रस्तुत गरेको कार्यक्रमको सञ्चालन संस्थाका व्यवस्थापक तथा प्रबन्धक श्रवण कुमार साहले सञ्चालन गरेको थियो ।

कार्यक्रममा विभिन्न व्यक्तिहरुलाई सम्मान गर्नुका साथै शेयर सदस्यहरुलाई कोदालो वितरण गरेको थियो । कार्यक्रममा खडक नगरपालिका वडा नं.१ का वडा अध्यक्ष राजकुमार साह, २ का वडा अध्यक्ष हरेराम मण्डल, रामनगर साना किसान सहकारी संस्थाका अध्यक्ष रामचन्द्र यादव, सरस्वती साना किसान सहकारी संस्थाको अध्यक्ष चानोदेवी राम, जिल्ला संघ सप्तरीको अध्यक्ष बलराम यादव, नकटिरायपुरका प्रबन्धक घनश्याम यादव, पातोका अध्यक्ष सत्यनारायण यादव, छिन्नमस्ताका अध्यक्ष बिरेन्द्र साह,यस संस्थाका संस्थापक अध्यक्ष श्याम सुन्दर साह, सबल नेपालका खर्क नारायण चौधरी, कृषि ज्ञानकेन्द्र सप्तरीका प्रमुख किसुनदेव राउत, बागवानी विकास अधिकृत रक्षा यादव लगायत जिल्लाका विभिन्न सहकारी संस्थाका प्रमुखहरु, अध्यक्षहरु, सुरक्षाकर्मी, बुद्धिजीवी, सञ्चारकर्मीको उपस्थिति रहेको थियो ।

**एकताबद्ध...**

प्रभावकारीरुपमा सम्पन्न गर्ने प्रतिबद्धता जनाउँदै सातबुँदे साझा धारणा सार्वजनिक गरेका हुन् ।

सत्तारुढ दलहरूको बैठक शुक्रबार प्रधानमन्त्री निवास वालुवाटारमा बसेको थियो । सात दलका शीर्ष नेताहरुले आगामी दिनमा सरकारको प्रभावकारी सञ्चालनबारे छलफल गर्दै सातबुँदे लिखित साझा धारणा सार्वजनिक गरेका हुन् । नेताहरुले सय दिनमा सरकारले गरेका कामको प्रशंसा पनि गरेका छन् ।

संयुक्त वक्तव्यमार्फत सरकारले सहकारीको रकम ठगीबारे संसदीय समितिको प्रतिवेदन कार्यान्वयन शुरु भएको उल्लेख गर्दै यसलाई निरन्तरता दिने भनिएको छ । शान्ति प्रकृयाको लामो समय बितिसक्दा पनि संक्रमणकालीन न्याय अधुरै रहनु दुःखद रहेको भन्दै दुवै आयोग गठन गर्ने प्रक्रिया प्रारम्भ भएकाले द्वन्द्वपीडितहरुले न्याय प्राप्त गर्ने सुनिश्चितता भएको वक्तव्यमा उल्लेख छ ।

गत असार १७ गते नेपाली कांग्रेस र नेकपा एमालेबीच सातबुँदे सहमति भएपछि त्यसआधारमा वर्तमान सरकार बनेको हो। सोही सहमतिका आधारमा गठन भएको सरकारमा कांग्रेस, एमाले, जसपा, जनमत, जसपा नेपाल, लोसपा, नागरिक उन्मुक्तिसमेतका पार्टीहरुको समर्थन र सहभागिता रहेको छ ।

नेताहरूका अनुसार कतिपयले सरकार बदललिन सक्ने भनिरहेका बेला सत्तारुढ दलहरूले संयुक्त वक्तव्य निकालेर त्यस्तो सम्भावना नरहेको सन्देश प्रवाह गर्नुपरेको हो ।

नेकपा एमालेका महासचिव शंकर पोखरेलका अनुसार वक्तव्यमार्फत सडकबाट अवाञ्छित गतिविधि गरी अमनचयनलाई खलल पुर्‍याउने काम नगर्न आग्रह गरिएको छ । देशको लोकतान्त्रिक वातावरणलाई बिथोल्ने अनुचित र अवाञ्छित तरिकाहरु उचित नभएको निचोड निकालिएको छ ।

उनका अनुसार सडकबाट आवञ्छित गतिविधि गरी अमनचयनलाई खलल पुर्‍याउने र विकास निर्माणको कामलाई अवरोध गर्ने काम उचित नभएको निष्कर्ष रहेको निकालिएको छ ।

उनले सहकारी संस्था बचत रकम दुरुपयोगको सन्दर्भमा गठित संसदीय छानबिन विशेष समितिले तयार गरेको प्रतिवेदनको आधारमा छानबिनको प्रक्रिया अगाडि बढिरहेको भन्दै सो प्रक्रियालाई अनुचित ढंगले प्रभाव पार्ने कुनै पनि प्रकारका गतिविधिहरु, काम नगर्नका लागि सात राजनीतिक दलहरुले सामूहिक रुपमा अनुरोध गरेको बताए ।

बैठकपछि उनले भनेका छन्, 'सत्तारुढ दलहरुको तर्फबाट संघीयता कार्यान्वयनको सम्बन्धमा आवश्यक कानुन निर्माणको प्रक्रियालाई अनौपचारिक र औपचारिक तरिकाबाट छलफल गरी छिटो निरुपण गर्ने कुरामा जोड दिइएको छ।'

**पार्टीको...**

र विद्रोहको तयारी गर्ने महतोको उद्घोष छ ।

जनता समाजवादी पार्टी गठन हुँदा नै राजेन्द्र महतोले राष्ट्रिय क्रान्ति मुक्ति अभियान चलाउन उक्त पार्टीमा प्रस्ताव गरेका थिए । तर उपेन्द्र यादवले त्यसलाई अस्विकार गरिदिए ।

पछि जसपा विभाजन भएर लोसपा बन्यो । लोसपामा पनि आफू शक्तिमा जाने र यो अभियान चलाउने उनको प्रयास भयो । असफल भएपछि उनी एक्लै अभियानको तयारीमा जुटे। लोसपाबाट अलग भएर राष्ट्रिय क्रान्ति अभियानलाई दुई चरणमा चलाए। मंगलबार पार्टी नै घोषण गरे ।

फागुन १४ गते अभियानको घोषणा गरेको दुई दिनपछि काठमाडौँमा उनले प्रदर्शन गरेका थिए । त्यसपछि उनले लगातार प्रदर्शन तथा कार्यक्रमहरू गर्दै आइरहेका छन् ।

राष्ट्रिय मुक्ति पार्टीमा मा यसअघि एक जना मात्र संयोजक थिए अरू सबै साधारण सदस्य थिए । पार्टी घोषणा गर्नु अगाडि पूर्वी कमाण्ड, मध्य कमाण्ड र पश्चिम कमाण्ड भनेर जिम्मेवारी दिइएको थियो ।

पूर्वी कमाण्ड अन्तर्गत कोशी प्रदेशका सबै जिल्ला रहेका छन्। त्यहाँ लिम्बुवान ब्युरो, किराँत ब्युरो गठन गरिएको थियो। मध्य कमाण्ड अन्तर्गत मधेस प्रदेश र बागमती प्रदेश रहेका छन्। यसमा मधेस ब्युरो, नेवाः ब्युरो र तामसालिङ ब्युरो गठन गरिएको थियो। पश्चिम कमाण्ड अन्तर्गत गण्डकी प्रदेश, लुम्बिनी प्रदेश, सदुरपश्चिम प्रदेश र कर्णाली प्रदेश रहेका छन्। त्यसमा थरुहट ब्युरो, मगरात ब्यूरो, तमुवान ब्युरो गठन गरिएको थियो ।

राष्ट्रिय मुक्ति पार्टी अन्तर्गत विभिन्न परिषद्हरू पनि गठन गरिएको थियो । परिषद्ले स्वशासन तथा सत्ताको अभ्यास गर्दै आएको थियो। अब त्यसलाई पार्टीको संरचनाभित्र समेटिनेछ ।

**आन्तरिक...**

ऋण उपलब्ध गराउनेसम्बन्धी कार्यविधि बनाइरहेको पनि जानकारी दिए । वैदेशिक रोजगारमा जाने कामदारको सीप विकास मन्त्रालयको प्राथमिकतामा रहेको भन्दै उनले मधेश प्रदेशमा व्यावसायिक प्रशिक्षण प्रतिष्ठानको तालिम केन्द्र निर्माणका लागि जग्गा प्राप्तिको काम भइरहेको जानकारी दिए ।

त्यसैगरी यसअघिको नियमावली संशोधन गरी वैदेशिक रोजगारीका क्रममा वा नेपाल फर्किएको एक वर्षभित्र मृत्यु भएमा दश लाख रुपैयाँ क्षतिपूर्ति दिने व्यवस्था गरिएको बताउँदै मन्त्री भण्डारीले त्यसबाट मृतकका आश्रित परिवारलाई ठूलो राहत पुगेको बताए ।

वैदेशिक रोजगार ऐन समयसापेक्ष संशोधनको प्रक्रियामा रहेको, श्रम आप्रवासन नीतिको मस्यौदा प्राप्त गरी विभिन्न सरोकारवाला संस्था तथा नागरिकबाट प्राप्त सुझावको अध्ययन भइरहेको, आन्तरिक रोजगार प्रवर्द्धन दशक सञ्चालनको तयारीका लागि रणनीतिक योजनामा परामर्श, प्रधानमन्त्री रोजगार कार्यक्रमलाई विपद् व्यवस्थापनसमेतमा परिचालन गर्न सकिने गरी कार्यविधिमा थपलगायतका काम भइरहेको जानकारी दिए ।

सामाजिक सुरक्षा कोषको पुनः संरचना र कोषबाट प्रवाह हुने सेवा सुविधामा सुधार गर्न पूर्वसचिव केवलप्रसाद भण्डारीको संयोजकत्वमा कार्यदल गठन गरिएको, वैदेशिक रोजगार बोर्डको भूमिका र संरचनालगायत आप्रवासनका सबै चरणमा कल्याणकारी कार्यका सम्बन्धमा सुझाव दिन पूर्वसचिव प्रताप पाठकको संयोजकत्वमा कार्यदल गठन भइ प्रतिवेदन तयारी गरिरहेको, वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण तथा प्रभावकारी सेवा प्रवाहका सम्बन्धमा अध्ययन कार्यदल गठन भएको उनले बताए । १६औं योजनाका लक्ष्य प्राप्तिका लागि मन्त्रालयले लिनुपर्ने नीति र रणनीतिका सम्बन्धमा प्रदेश र स्थानीय तहसँग छलफल गर्ने तयारी भइरहेको पनि उनले बताए ।

पत्रकार सम्मेलनमा सचिव मुकुन्द निरौला, वैदेशिक रोजगार विभागका महानिर्देशक सुर्यबहादुर खत्रीसहित मन्त्रालयका उच्च अधिकारीहरूको सहभागिता रहेको थियो ।

**स्थानीय...**

रुपैयाँ, उपमहानगरपालिकाका प्रमुख तथा उपप्रमुख पदका उम्मेदवारले जम्मा ५ लाख ५० हजार रुपैयाँ, नगरपालिकाका प्रमुख तथा उपप्रमुख पदका उम्मेदवारले जम्मा ४ लाख ५० हजार रुपैयाँ खर्च गर्न सक्नेछन् ।

गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष पदका उम्मेदवारले जम्मा ३ लाख पचास हजार रुपैयाँ र जिल्ला समन्वय समितिका प्रमुख तथा उपप्रमुख पदका उम्मेदवारले जम्मा ५० हजार रुपैयाँसम्म खर्च गर्न सक्नेछन् ।

महानगरपालिकाका वडा अध्यक्ष पदका उम्मेदवारले जम्मा ३ लाख रुपैयाँ, उपमहानगरपालिकाका वडा अध्यक्ष पदका उम्मेदवारले जम्मा २ लाख ५० हजार रुपैयाँ, नगरपालिकाका वडा अध्यक्ष पदका उम्मेदवारले जम्मा २ लाख रुपैयाँ र गाउँपालिकाका वडा अध्यक्ष पदका उम्मेदवारले जम्मा १ लाख ५० हजार रुपैयाँसम्म खर्च गर्न सक्ने गरी खर्चको हद निर्धारण भएको छ ।

नगरप्रमुख, गाउँपालिका अध्यक्षदेखि वडाध्यक्षसम्म रिक्त रहेका ४३ पदका लागि स्थानीय तहमा उपनिर्वाचन हुनेछ ।

निर्वाचन समाग्रीहरूको तयारी गर्ने, मतदाता नामावलीको विषयवस्तु हेर्नेदेखि लिएर निर्देशिका बनाउने लगायतका काम भइरहेको छ । उम्मेदवारको मनोनयन पत्र दर्ता भएपछि अलि बढी काम हुन्छ । अहिले उपनिर्वाचनका लागि विभिन्न तयारीका काम भइरहेको छ। निर्वाचनको निर्देशिका तयार गर्ने काम पनि भइरहेको छ ।

आयोगले कार्तिक २६ गते मतदाताको अन्तिम नामावली प्रकाशन गर्नुका साथै मतदान स्थल निर्धारण गर्नेछ। कातिक ३० गते आयोगले निर्वाचन अधिकृतको कार्यालय स्थापना गर्नेछ । त्यसका लागि स्थल चयन भइसकेको जनाइएको छ। मंसिर २ गते उम्मेदवारी दर्ता गर्ने र १६ गते बिहान ७ बजेदेखि अपराह्न ५ बजेसम्म मतदान गर्ने कार्यतालिका छ ।

# केसीको उपचारका लागि सहयोग रकम हस्तान्तरण

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, ९ कात्तिक

टाउकोको बिरामी भएर काठमाण्डौंमा उपचार गराइरहेकी सानीभेरी-३ भलाचौर माइत र सानीभेरी ८ माथिल्लो आम्डाँडा घर भएकी बलकुमारी खड्का केसीको उपचारका लागि आर्थिक सहयोग गरिएको छ ।



हालसम्म २५ जना मनकारी सहयोगीदाताहरुबाट ८७ हजार ८ सय ४२ रुपैयाँ बिरामीका बुबा दरिभान खड्कालाई पत्रकार नारायण ओलीले हस्तान्तरण गरेका हुन् । पत्रकार ओलीले सहयोग अभियानमा जोडिने सबै सहयोगी दाताहरुलाई धन्यवाद व्यक्त गरेका छन् । अझै पनि यस्ता अभियानहरुमा हातेमालो गर्न उनले आग्रह गरेका छन् ।

**युएईमा रोजगार**

कम्पनी: EJADAH ASSET MANAGEMENT GROUP LLC शहर: UAE पुन: विज्ञापन
पूर्व स्वीकृत मिति: 2023/12/13 चलानी नं.: ६०२११४५८ L.T. No.: 296455

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 56 | 16 | सम्बन्धित काममा दक्ष | 800 | २९,२३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cleaning Supervisor | 20 | 0 | | 2500 | ९१,३५० | | | | | | | |
| 3. | Housekeeping Team Leader | 10 | 10 | | 1500 | ५४,८१० | | | | | | | |
| 4. | Recreation Assistants | 10 | 10 | | 1200 | ४३,८४८ | | | | | | | |

कम्पनी: UNITED SECURITY GROUP - SOLE PROPRIETORSHIP LLC शहर: UAE
पूर्व स्वीकृत मिति: 2024/10/24 चलानी नं.: ६०२२७१७४ L.T. No.: 312683

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard/guard | 75 | 10 | स. काममा दक्ष | 2000 | ७३,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ कार्तिक १७ गते (2 November 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**अल जराफा ह्यूमन रिसोर्स कन्सल्टेन्ट प्रा. लि.** श्रम इजाजत नं.: १५८/०६७/०६८
सिनामंगल, (NIC Asia Bank संगै), काठमाडौं, फोन: ०१-४५९८१६२, ४५९३८७८
मोवाइल नं.: ९८०२३५५३९५, ९८०२३५५३९६, ९८०२३५५३९७

# कोप-२९ मा जलवायु न्यायका विषय सशक्तरुपमा उठाउन प्रधानमन्त्रीको आग्रह

**काठमाडौं/मस-** प्रधानमन्त्री केपी शर्मा ओलीले संयुक्त राष्ट्रसंघको ७९औं महासभाका मञ्चमा नेपालले राखेका जलवायु न्यायसम्बन्धी विषयलाई आगामी नोभेम्बर २०२४ मा अजरबैजानको बाकुमा हुने विश्व जलवायु सम्मेलन (कोप-२९) मा सशक्तरुपमा उठाउन सम्बन्धित मन्त्रालय र निकायलाई निर्देशन दिएका छन्।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा शुक्रबार भएको वातावरण संरक्षण तथा जलवायु परिवर्तन व्यवस्थापन राष्ट्रिय परिषद्को तेस्रो बैठकमा प्रधानमन्त्री ओलीले महासभामा भएका सम्बोधन र साइडलाइन भेटवार्ताका क्रममा राखिएका जलवायु परिवर्तनमा नेपालको स्पष्ट अडान र दृष्टिकोणलाई कोप-२९ मा राख्न आग्रह गरेका हुन्। कोप-२९ मा राष्ट्रपति रामचन्द्र पौडेलको नेतृत्वमा नेपाली प्रतिनिधिमण्डलले सहभागिता जनाउने कार्यक्रम रहेको छ।

प्रधानमन्त्री ओलीले नेपालमा हिमालहरुले विश्व तापमानलाई सन्तुलित बनाउन योगदान गरिरहेको सन्दर्भमा



विश्वमा भएको कार्बन उत्सर्जनका कारण हिमालहरु पग्लिएर हिमाली क्षेत्रका बासिन्दा प्रभावित भइरहेकाले नेपालले कार्बन उत्सान गर्ने मुलुकबाट उचित क्षतिपूर्ति पाउनुपर्ने विषय उठाउँदै आएका छन्। उनले हिमालदेखि समुद्रसम्मको वातावरण सन्तुलनका लागि योजना ल्याउन विश्व समुदायलाई माग गरेका छन्।

प्रधानमन्त्री ओलीले वन क्षेत्र निर्धारण गरिएका स्थलमा वन नहुने स्थितिको अन्त्य गर्दै सघन वन विस्तार कार्यलाई प्राथमिकता दिन निर्देशन दिए। उनले नेपालमा ४६ प्रतिशत वन क्षेत्र भए पनि खास वन रहेका क्षेत्र २८ प्रतिशत मात्रै रहेकाले बाँकी १२ प्रतिशत क्षेत्रमा सघन वन विस्तार गर्न जोड दिए। उनले कम्तीमा ४० प्रतिशत क्षेत्र वन कायम राख्ने गरी काम गर्न आग्रह गर्दै नेपालले विश्व वातावरण स्वच्छताका लागि वन, हिमाल र ताल तलैया राखेर योगदान गरिरहेको उल्लेख गरे। नेपालमा १७ प्रतिशत भूभाग हिमाल र सात प्रतिशत ताल-तलैया रहेका छन्।

प्रधानमन्त्री ओलीले आयोजनाहरुका लागि सरकारले निर्णय गरिसकेका काममा वन मन्त्रालयबाट हुनुपर्ने सहमतिमा ढिलाइ नगर्न पनि निर्देशन दिए। उनले भने, 'वन मन्त्रालयले वनलाई आफ्नो घरैबाट ल्याएको जस्तो गर्नु हुँदैन। आयोजना निर्माणका क्रममा मन्त्रिपरिषद्ले गरेका निर्णयमा पनि वन मन्त्रालयले रोकेका गुनासा आएका छन्। आवश्यकता अनुसार वनको रक्षा गर्दै वन नभएका ठाउँमा माग आएमा उद्योग सञ्चालन गर्न दिनुपर्छ।'

बैठकले परिषद्को एक वर्षको कामको समीक्षा र अघिल्ला बैठकका निर्णय कार्यान्वयनका अवस्थाबारे जानकारी गराउँदै आगामी नोभेम्बर २०२४ मा अजरबैजानको बाकुमा आयोजनामा हुने विश्व जलवायु सम्मेलन (कोप-२९) मा नेपालको प्रभावकारी सहभागिता, वन तथा वातावरण मन्त्रालयको नाम परिवर्तन गरी वन, वातावरण तथा जलवायु परिवर्तन राख्ने र आगामी एक वर्षका लागि मार्गनिर्देशन लिने आदि निर्णय गरेको छ।

# रौतहटमा बाढी र वर्षाले दुई अर्ब दश करोड बढीको बाली नालीमा क्षति



**प्रेमचन्द्र झा/मध्यान्ह**
रौतहट, ९ कात्तिक

बाढी तथा अविरल वर्षाका कारण रौतहटमा दुई अर्ब दश करोड रुपैयाँ बराबरको बालीनालीमा क्षति पुगेको छ। कृषि ज्ञान केन्द्र रौतहटले सार्वजनिक गरेको तथ्यांक अनुसार १७ पालिकाका १२ हजार दुई सय ८० किसानको उक्त रकम बराबरको क्षति भएको हो।

सो तथ्यांकमा ११ हजार दुई सय ५८ हेक्टर जग्गामा लगाइएको धानबाली, नौ सय ९६ हेक्टर जग्गामा लगाइएको उखु बाली, चार सय ४७ हेक्टर जग्गामा लगाइएको तरकारी, दुई सय २३ हेक्टरमा लगाएको फलफुल बाली र पचास हेक्टर जग्गामा लगाइएको मकै तथा चालिस हेक्टरमा लगाइएको दालबाली बाढी र अविरल वर्षका कारणबाट क्षति भएको कार्यालय प्रमुख सुरेन्द्र कुर्मीले जानकारी दिए।

किसानले केही दिनमै भित्र्याउने तयारीमा जुटेको धानबाली अविरल वर्षा र बाढीले नष्ट गरिदिएको छ। वर्ष दिन सोही बालीबाट आहार र व्यवहार गर्नुपर्ने आश्रित परिवारलाई ठूलो मारमा परेको गौर नगरपालिका वडा नम्बर ४ का किसान राम नरेश यादवले बताए। सो किसानहरुले अब केही दिनमा शुरु हुने गहुँ खेती तथा मसुरो खेतीबालिमा सरकारले सहयोग गरी दिनुपर्ने किसान यादवको माग रहेका छन्।

# लहान नगरपालिकामा कृषि सामग्री वितरण



**प्रदिप सिंह/मध्यान्ह**
लहान, ९ कात्तिक

सिरहाको लहान नगरपालिका वडा नम्बर १५ का किसानहरूको आय वृद्धि गर्दै जैविक खेतीतर्फ प्रोत्साहन गर्न २ लाख रुपैयाँ बराबरको कृषि सामग्री वितरण गरिएको छ। केयर नेपालको आर्थिक सहयोगमा आयोजित कृषि सामग्री वितरण कार्यक्रममा राष्ट्रिय कृषक समूह महासंघ नेपालको नेतृत्व र सामुदायिक वन उपभोक्ता महासंघको सहकार्य रहेको थियो।

सो अवसरमा नमुना कृषक समूह, डिदवार बाबा कृषक समूह र राजदेवी कृषक समूहका ६३ जना किसानहरूलाई विषादीमुक्त तरकारी खेतीका लागि ११ प्रकारका जैविक तरकारी बिउ, सिँचाइका लागि समर्सिबल मोटर, इलेक्ट्रिक स्प्रे मेसिन लगायतका सामग्रीहरू प्रदान गरिएको छ। वितरण सामग्रीहरूबाट किसानहरूलाई स्वस्थ तरकारी उत्पादन र आय वृद्धि गर्न मद्दत पुग्ने अपेक्षा राखिएको छ।

कार्यक्रमका प्रमुख अतिथि लहान नगरपालिकाका प्रमुख महेश प्रसाद चौधरीले किसानहरूलाई समर्थन र सम्मान जनाउँदै कृषि क्षेत्रको समृद्धि नै नगरको समृद्धि भएको बताए। उनले नगरपालिकाबाट आगामी दिनमा पनि थप कृषि सामग्री वितरण र अति विपन्न किसानहरूलाई करार खेतीको व्यवस्थाका साथ विशेष सहयोग उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरे।

कार्यक्रममा उपप्रमुख राम चलितर महतोले किसानहरूको महत्वपूर्ण भूमिका र योगदानबिना नगरको दिगो विकास असम्भव रहेको बताउँदै किसानहरूको आयस्तर सुधार गर्न निरन्तर प्रयास आवश्यक रहेको उल्लेख गरे। केयर नेपालका कार्यक्रम व्यवस्थापक जगदीश भट्टले यस्तो प्रकारको सहयोगले किसानहरूको उत्पादनमा सुधार आउने विश्वास व्यक्त गरे भने सामुदायिक वन उपभोक्ता महासंघका प्रतिनिधि टेकेन्द्र साहले कृषि क्षेत्रमा सुधार ल्याउन सधैं सहयोग गरिरहने प्रतिबद्धता जनाए।

कार्यक्रममा सहभागी किसानहरूले निःशुल्क सामग्री पाएपछि खुसी व्यक्त गर्दै केयर नेपाल र राष्ट्रिय कृषक समूह महासंघलाई धन्यवाद दिए। उनीहरूले यस्ता सहयोगका कार्यक्रमहरूलाई निरन्तरता दिन आग्रह गरे।

# मालारानीमा कार्यान्वयनमा आउन सकेन स्थानीय वन ऐन

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, ९ कात्तिक

अर्घाखाँचीको मालारानी गाउँपालिका अध्यक्ष दल बहादुर भट्टराईले सामुदायिक वनले जसरी उपभोक्तालाई जगेर्ना गरेका छन् त्यसैगरी भरपुर उपभोक्ताहरुले उपभोग गर्न पाउनुपर्ने बताएका छन्।

सामुदायिक वन उपभोक्ता महासघ अर्घाखाँचीले मालारानी गाउँपालिकामा आयोजना गरेको स्थानीय वन ऐननियम, नीति निर्माण सम्बन्धी अन्तरक्रिया कार्यक्रममा बोल्दै अध्यक्ष भट्टराईले सो कुरा बताएका हुन्।

उपभोक्ताले निकै दुःख, कष्ट सहेर संरक्षण गरेको वनमा उनीहरुनै उपभोगको अधिकारबाट बञ्चित बनाउने काम वन ऐनले गर्न नहुने उनको तर्क छ। भट्टराईले भने, 'वनभित्र पसेर कसैले दाउरा घाँस ल्याउने वातावरण छैन्। एक, नियमले छैन दोस्रो, वन्यजन्तुको कारण छैन्। थोरै जमिनमा खेतीपाती गर्नेहरू अझै मर्कामा छन्। जनतन खेती लगायो। खाने बेलामा वन्यजन्तुले सबै सखाप पारिदिन्छ। वनबाट आएका वन्यजन्तुले दिनानुदिन जनधनको क्षति पुऱ्याउने क्रम बढ्दो छ।' वनभरी जंगली जनावर भरिएका छन्। तर वन संरक्षण मात्रै भन्ने उपभोग गर्नबाट वञ्चित हुनुपर्ने अवस्था छ। त्यसैले स्थानीय वन





ऐन उपभोक्ताको भावना विपरित नबनाउने पुरानोलाई परिमार्जन गर्नुपर्नेमा उनले जोड दिए।

वनभित्र प्रचुर मात्रामा प्राकृतिक श्रोत साधान भएको हुँदा त्यस्ता श्रोत साधनको उचित संरक्षण गर्दै त्यसको सहज उपभोग स्थानीय सरकारले पनि गर्न पाउनुपर्नेमा भट्टराईको माग छ। भएका श्रोत साधनबाट आउने राजस्व सबै संघ र प्रदेशमा जाने स्थानीय सरकारले केही पनि गर्न नपाउने अवस्थाले स्थानीय सरकार बलियो नहुने तर्क गर्दै अध्यक्ष भट्टराईले स्थानीय सरकार बलियो र समृद्ध बन्यो भने मात्रै विकासले गति लिने, गरीबी न्यूनीकरण हुने बताए।

वनभित्र रहेका वन पैदावार, जडीबुटी, चरिचरणको उपभोग गर्दै आयआर्जनमा जोडिन सकेमा जनताको जीवनस्तर माथि उठ्न मदत पुग्ने गाउँपालिकाका प्रवक्ता तिलक मिश्रले बताए। वनको कुनै पनि श्रोत साधन उपभोग गर्न नपाएपछि जनताले बस्तुभाउ कसरी पाल्ने, काठपात पनि महंगोमा विदेशबाट आयात भएका किन्नुपर्ने, वन्यजन्तुको नोक्सानी पनि सहनुपर्ने भएपछि गाउँघरमा बस्ती पनि पातलो हुँदै जाने अवस्था आएको प्रवक्ता मिश्रले दाबी गरे।

मालारानी गाउँपालिकाले स्थानीय वन ऐन ल्याएको तर त्यसमा विभिन्न बाधा अड्चन आएपछि कार्यान्वयन गर्न नसकेको प्रवक्ता मिश्रले जानकारी गराए। गाउँपालिकामा राखिएको छलफल कार्यक्रममा सबै सरोकारवालाको सहभागितामा भएकोले छलफलले स्थानीय वन ऐनको महत्वलाई बुझाउन मदत गरेको डिभिजन वन अधिकृत मोहन प्रसाद श्रेष्ठले बताए।

कार्यक्रममा डिभिजन वन अधिकृत श्रेष्ठले संविधानले अनुसूची ८ मा उल्लेख भएको स्थानीय तहको अधिकार वन ऐन २०७६ ले निर्दिष्ट गरेको नीति नियममा रही स्थानीय वन ऐन बनाइ काम गर्नुपर्नेमा जोड दिँदै गुनासो गर्ने भन्दा पनि वन क्षेत्रको संरक्षण गर्ने दायित्व स्थानीय सरकारको रहेकाले स्थानीय सरकारसँग हातेमालो गरेर आफुहरुले काम गर्ने जिकिर गरे।

वनभित्रका खोलानालाबाट आवश्यक पर्दा सहज रुपमा ढुंगा गिटी बालुवा र माटो उपभोग गर्न पाउने अधिकार प्रदेश सरकारले स्थानीय सरकारलाई नदिएकाले यसलाई उपल्लो तहबाट नीतिनियम बनाउने ठाउँमा पहल गर्न जनप्रतिनिधिलाई डिभिजन वन अधिकृत श्रेष्ठले अनुरोध गरे।

यसैगरी सामुदायिक वन उपभोक्ता महासंघ जिल्ला अध्यक्ष मधुकुमार श्रेष्ठले सामुदायिक वनलाई उद्यमसँग जोड्ने खालका नीति र योजनाहरू पनि स्थानीय वन ऐनमा समावेश गर्नुपर्ने बताए।

कार्यक्रममा सामुदायिक वन महासघका पूर्वअध्यक्ष रामचन्द्र पोखेलले स्थानीय सरकारले आफ्नो स्थान र परिवेश अनुसारको वन ऐन बनाउनका लागि प्रदेश सरकारलाई पनि घचघच्याउन जरुरी रहेको बताए।

उनले प्रदेशको वन ऐनसँग बाझिएका विषयलाई जिल्लाका सबै पालिका प्रमुखहरूले ध्यानाकर्षण गराएर परिमार्जन गर्न दबाब दिन सक्ने र आफ्नो पालिकाको अनुकूल हुने विषयलाई आफ्नो अधिकारमा ल्याउन सक्ने धारणा व्यक्त गरे। सामुदायिक वनको आम्दानीलाई कसरी नियमन गर्ने र मूलप्रवाहिकरणमा ल्याउने भन्ने कुरा पनि स्थानीय वन ऐनमा उल्लेख हुनुपर्ने पोखेलको तर्क छ। पहाडी क्षेत्रहरूमा निजी जमिनहरु बाँझो हुँदै गएको, बस्ती बजार झर्ने क्रम बढ्दै गएकाले निजी जमिनहरूमा पनि साल लगायतका आम्दानी दिने खालका बोटबिरुवा रोपेर निजी वन स्थापना गर्न सकिने सुझाव दिँदै यी कार्य गर्न प्रोत्साहन हुने खालको स्थानीय वन ऐन ल्याउन सहभागीले अनुरोध गरे। कार्यक्रममा डिभिजन वन कार्यालयका सहायक, वन अधिकृत केसव खड्का मालारानी सवडिभिजन कार्यालयका प्रमुख मनोज चौधरी सामुदायिक वन उपभोक्ता महासंघका पदाधिकारी सदस्यहरु, जनप्रतिनिधिहरु सरोकारवालाको उपस्थिति रहेको थियो।

# बाल मानव अधिकार रक्षकसम्बन्धी कार्यशाला सम्पन्न

**भक्तपुर/मस-** कन्सोर्टियम नेपालको आयोजनामा भक्तपुर स्थित नगरकोटमा बाल अधिकार रक्षकसम्बन्धी तीनदिने राष्ट्रिय कार्यशाला सम्पन्न भएको छ। सातै प्रदेशका बाल प्रतिनिधिहरु सम्मिलित राष्ट्रिय बाल पैरवी परिषद्मा आवद्ध बाल मानव अधिकार रक्षकहरुको समूहको उपस्थितिमा उक्त कार्यशाला सम्पन्न भएको हो।

कार्यशालाको सहजीकरणको नेतृत्व राष्ट्रिय बाल अधिकार परिषद्का पूर्वकार्यकारी निर्देशक मिलन धरेलले गरेका थिए भने कार्यशालामा अन्य बाल अधिकारकर्मी तथा अभियन्ताहरु र पूर्वबाल क्लब अभियन्ताहरुबाट पनि सहजीकारण भएको थियो।

कार्यशालामा बालबालिका पनि मानव अधिकार रक्षक हुन सक्ने विषयमा चर्चा गरिएको थियो। छलफललाई थप गर्दै धरेलले मानव अधिकारको कार्यान्वयन गर्न कानूनी र नीतीगत सम्मान, प्रवर्द्धन र अनुगमनको विषयमा काम गर्नुपर्ने बताए। उपस्थित बालबालिकाले बाल मानव अधिकार रक्षकले पनि काम गर्ने क्षेत्र यही रहेको विषयमा जोड दिएका थिए।

कार्यशालामा बाल मानव अधिकार भनेको के हो ? मानव अधिकार रक्षक को हुन सक्छन् ? बाल मानव अधिकार रक्षक को हुन सक्छन् ? बाल मानव अधिकार रक्षकहरुको भूमिका के-के हुन सक्छ ? जस्ता विषयहरुमा बृहत् छलफल गरिएको थियो। सो अवसरमा बाल मानव अधिकार रक्षकहरुको भेला आयोजना गरी बाल मानव अधिकार रक्षकहरुको तर्फबाट पैरवी कार्यलाई व्यापक बनाउने प्रतिबद्धतासमेत जनाइएको छ।

# गौतम मोना फ्रान्सबाट सम्मानित



**तिलु शर्मा पौडेल/मध्यान्ह**
म्याग्दी, ९ कात्तिक

बेनी अनलाइनका प्रधान सम्पादक हरिकृष्ण गौतम म्याग्दी प्रवासी नेपाली संघ (मोना) फ्रान्सबाट सम्मानित भएका छन्। बिहीबार मोना अन्तर्राष्ट्रियको सचिवालयमा आयोजित समारोहमा मोना फ्रान्सका कोषाध्यक्ष दिनेश कार्की, संस्थापक सदस्य नवीन कार्कीले रु २० हजार, सम्मान पत्र र दोसल्ला ओढाएर सम्मान गरेका हुन्।

मोना फ्रान्सका अध्यक्ष ओम गौचन, महासचिव महेन्द्र बोहोराद्धारा हस्ताक्षर गरिएको सम्मान पत्रमा स्थापनाकालदेखि मोना फ्रान्सका समाचार तथा पत्रकारितामार्फत मानवीय तथा सामाजिक क्षेत्रमा योगदानको कदर गदै सम्मान गरिएको उल्लेख छ। सम्मान कार्यक्रममा अधिवक्ता दीपक कार्की, मोना सचिवालयकी प्रमुख स्मृति सुवेदी, युवा व्यवसायी जीवन कार्की लगायतको उपस्थिति रहेको थियो।

सम्मान कार्यक्रममा बोल्दै मोना फ्रान्सका कोषाध्यक्ष दिनेश कार्कीले जन्मभूमिका विभिन्न क्षेत्रमा संस्थाले सक्ने सहयोग गर्ने बताए। डेढ दशकदेखि म्याग्दी जिल्लामा सक्रिय गौतम बेनीबाट प्रकाशन हुने बेनी साप्ताहिकका प्रकाशक, नागरिक दैनिक, पब्लिक फोर के टेलिभिजन, ढोरपाटन दैनिकलगायतका सञ्चारमाध्यममा आबद्ध छन्।

# गेरुवा गाउँपालिकामा बाल भेला सम्पन्न

**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, ९ कात्तिक

'बालविवाह गर्दैनौ र हुन पनि दिँदैनौ'भन्ने प्रतिबद्धताका साथ गेरुवा गाउँपालिकामा बाल भेला सम्पन्न भएको छ।

प्लान नेपालद्वारा सञ्चालित बालविवाह न्यूनीकरण परियोजना अन्तर्गत गेरुवा गाउँपालिकाको समन्वय तथा भेरी वातावरणीय विशिष्टता समुह (बि ग्रुप) बाँकेको आयोजनामा बाल भेला आयोजना गरिएको हो।

बालविवाह न्यूनीकरण गर्न सरोकारवाला र बालबालिकाहरू स्वयम्को भूमिका, कानूनी प्रावधान बालबालिकाले भोग्ने समस्याहरू र समाधानका उपायका बारेमा जानकारी दिने उद्देश्यले भेलाको आयोजना गरिएको बि ग्रुप बाँकेका प्राविधिक संयोजक जयलाल वि.क.ले बताए।

गेरुवा गाउँपालिकाका अध्यक्ष जमान सिंह के.सी.ले उद्घाटन गरेको भेलामा सहभागी बालबालिकाहरूले बालविवाह अन्त्य कसरी गर्न सकिन्छ ? त्यसमा बालबालिकाको जिम्मेवारी के रहन्छ ? र सरोकारवालाको भूमिका के हुन्छ ? भन्ने विषयमा समूहगत रुपमा चित्रमार्फत प्रस्तुत गरेका थिए। भेलाको सहजीकरण प्रकाश उपाध्यायले गरेका थिए। भेलामा परियोजनाले समेटेका विद्यालयबाट प्रतिनिधित्व गर्दै ५० जना बालबालिकाहरू सहभागी थिए।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

**पहिलो पटक प्रकाशित मितिः २०८१/०७/१०**

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिति २०८०/०८/२१ गतेमा दर्ता भएको दर्ता नं. ३२४५३९/०८०/०८१ को "रुटिन अफ बारा अपडेट मिडिया प्रा.लि. (Routine of Bara Update Media Pvt. Ltd.) को नाम यस कम्पनीको मिति २०८१/०२/१६ गते बसेको बिशेष साधारणसभाको निर्णयले साबिक नाम परिवर्तन भई हाल "बारा अपडेट मिडिया प्रा.लि. (Bara Update Media Pvt. Ltd.) भएको र सो निर्णय नियमानुसार कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८१/०२/१७ मा स्वीकृत समेत भईसकेकोले साबिक कम्पनीको नाममा रहेको सम्पूर्ण चल-अचल सम्पती, तिर्नु, व्यहोर्नु पर्ने कर, दायित्व आदि समेत हाल परिवर्तित नामको कम्पनीले सकार्ने-व्यहोर्ने सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

**बारा अपडेट मिडिया प्रा.लि.**
ठेगाना : कलैया उपमहानगरपालिका वडा नं ५, बारा, पान नं.६१९८२०३१०
फोन नं.९७६६५४४७५५, ईमेल : Officialbaraupdate@gmail.com

**दशरथचन्द नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**खलंगा गढी, बैतडी**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मिति : २०८१/०७/१० गते**

यस दशरथचन्द नगरपालिकाको २०८१/०६/०३ गते प्रकाशित सूचना अनुसार तपशिलको कार्यका लागी बोलपत्र आव्हान भइ तोकिएको म्यादभित्र दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिलका बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भएको देखिएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ बमोजिम बोलपत्र छनौट हुन आएकोले यो सूचना सम्बन्धित सबैको जानकारीका लागी प्रकाशित गरिएको छ।

**तपशिल**

| सि न | ठेक्का नम्बर | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | स्वीकृत कबोल रकम रु |
|---|---|---|---|---|
| 1. | DCM/NCB/Goods /01/2081-082 | Procurement, Supply and Delivery of Necessary Medicine | रौलाकेदार मेडिसिन सप्लायर्स गोदावरी कैलाली | १२,७९,७५५.५१/- |

**प्रमुख प्रशासकीय अधिकृत**

व्यक्ति-कथा

# तलाखुँदेखि साउदीको अलमराइसम्म राजु केसीको यात्रा

**केसीको शुरुवाती निकै कठिन थियो । २० वर्षअघि सेल्स हेल्परको रूपबाट बहुचर्चित कम्पनी अलमराइमा छिरेका उनी आज कम्पनीकै सिनियर सेल्स सुपरभाइजरको जिम्मेवारीमा छन् । झण्डै ८५ हजार कामदारका बीचमा त्यो जिम्मेवारी पाउने उनी एक्लो नेपाली हुन् ।**

### विषय प्रवेश

नुवाकोटको शिवपुरी गाउँपालिका-१ (साबिक तलाखुँ-१) मा जन्मिएर हाल काठमाडौँ सुन्दरीजल, नयाँपाटीमा बसोबास गर्ने राजु केसीको कर्मभूमि भने साउदी अरेबिया हो । केसी साउदी अरेबियाको बहुराष्ट्रिय डेरी उत्पादक कम्पनी अलमराइमा कार्यरत छन् ।

बहुचर्चित कम्पनी अलमराइमा उनी हाल सिनियर सेल्स सुपरभाइजरको पदमा कार्यरत छन् । विश्वका ६० मुलुकबाट उक्त कम्पनीमा कामदार जाने गरेका छन् । जहाँ झन्डै ८५ हजार कामदार छन् । जहाँ नेपाली मात्रै पनि ५५ सयको हाराहारीमा कार्यरत रहेको केसीले सुनाए ।

आकर्षक तलब र सुविधा पाइने, व्यवस्थापन तहको सेल्स म्यानेजरको उच्च जिम्मेवारीमा पुग्नु अन्य नेपाली कामदारहरूका लागि लोभलाग्दो अवस्था हो । आज त्यही लोभलाग्दो अवस्थामा केसी पुगेका छन् । यद्यपि, केसीको सुरुवाती भने निकै कठिन थियो ।

### शुरुवाती र संघर्ष

पाँच सन्तानमध्ये केसीको जन्म चौथो सन्तानको रूपमा भएको थियो । उनका दुई दाजु, एक दिदी र एक बहिनी छन् ।

परिवारबाट पहिलो प्लस टु पास गर्ने पनि उनी नै हुन् । राम्रो अंकमै प्लस टु पास गरेकै कारण उनका बुबाले उनलाई गाउँमै शिक्षक बन्न आग्रह गरेका थिए । उनको चाहना आफ्नो छोरा शिक्षक बनोस् र गाउँमै सेवा गरोस् भन्ने थियो ।

"सायद, बुबालाई छोरो शिक्षक बनेर हिँडेको हेर्न रहर थियो, हुन पनि गाउँमा शिक्षक असाध्यै सम्मानित पेसा पनि हो", त्यो समयलाई सम्झिँदै केसी भन्छन् ।

तर, उनलाई शिक्षक होइन, आर्मी बन्ने रहर थियो । "मलाई आर्मी बनेर देशको सेवा गर्ने रहर थियो, तर भाग्यले साउदी ल्यायो, कर्मभूमि नै साउदी बनाइदियो", उनले भनेका छन् ।

उनी २० वर्षअघि अर्थात् सन् २००४ मा साउदी छिरेका थिए । महाराजगञ्जस्थित ब्यू स्काई इन्टरनेशनल प्रा.लि.बाट सेल्स भ्यानमा हेल्परको रूपमा उक्त कम्पनी प्रवेश गरेका थिए ।

"निकै गर्मी ठाउँ, त्यो पनि सेल्स भ्यानको हेल्पर काम, निकै कठिन थियो", साउदीको सुरुवाती समय अत्यासलाग्दो भएको केसी बताउँछन् ।

यद्यपि, उनले त्यही कठिन यात्राबाट धेरै कुरा सिके । २० वर्षको बिचमा सेल्स सहयोगीको रूपबाट उनी कम्पनीकै सिनियर सेल्स सुपरभाइजरसमेत बने ।

केसीका अनुसार साउदी अरबमा यत्तिको जिम्मेवारीमा पुग्ने नेपाली औँलामा गन्ने अवस्थामा छन् । एउटै काम र क्षेत्र रोज्नु पनि उनका लागि सफल बन्ने कडी थियो ।

"मान्छेहरू वर्षैविच्छे काम र ठाउँ परिवर्तन गर्छन्, उनीहरू न राम्रोसँग काम जान्छन्, न त ठाउँ नै चिन्छन्, तर मैँले त्यसो गरिन, २० वर्षसम्म एउटै ठाउँ र काम रोजेँ, अलमराइको दमन भन्ने डिपोमा काम गरिरहेँ", उनले भनेका छन् ।

सामान्य किसान परिवारमा जन्मिएका केसीले साउदी अरब पुगेर आफ्नो मात्रै उन्नति गरेनन्, आफूसँगै परिवारका सबै सदस्यको उन्नति पनि गराए । नुवाकोटको तलाखुँबाट आफू मात्रै नभई दाजुभाइलाई पनि काठमाडौँ झारे । उनको परिवार अहिले नुवाकोटको तलाखुँबाट काठमाडौँको सुन्दरीजल झरेको छ ।

"म त्यो सामान्य किसान परिवारको मान्छे, साउदी अरब आएर, कमाएर आफूसँगै दाजुभाइलाई पनि केही गर्न सकेँ, आज त्यो तलाखुँबाट काठमाडौँमा परिवारलाई ल्याएको छु", केसी भन्छन् ।

यद्यपि, केसी परिवारलाई मात्रै खुसी बनाउने व्यक्ति भने होइनन् । साउदीमा पनि उनको परिचय अलमराई कम्पनीको म्यानेजर मात्रैको रूपमा छैन । त्यहाँ उनको परिचय समाजसेवीको रूपमा समेत छ ।

विभिन्न कारणले समस्यामा परेका नेपालीहरूलाई उद्धार गर्ने, उनीहरूलाई स्वदेश फर्काउने सहयोगीको रूपमा धेरैले केसीलाई चिन्छन् ।

> जब उनी साउदी अरबमा अलपत्र परेका नेपाली भेट्छन्, उनी उनीहरूलाई उद्धार गर्न जुटिहाल्छन् । उनलाई त्यसरी उद्धारमा हात बढ्याउन पाउनु, संसारै जितेजस्तो अनुभूति हुन्छ । "सायद पराई भूमिमा भएर होला, नेपालीलाई देख्दा, नेपालीलाई सहयोग गर्न पाउँदा संसार नै जिते जस्तो लाग्छ", केसी भन्छन् ।

### नेपालीको दुःख देख्नै नसक्ने केसी

जब उनी साउदी अरबमा अलपत्र परेका नेपाली भेट्छन्, उनी उनीहरूलाई उद्धार गर्न लागिहाल्छन् । उनलाई त्यसरी उद्धारमा हात बटाउन पाउनु, संसारै जितेजस्तो अनुभूति हुन्छ ।

"सायद पराई भूमिमा भएर होला, नेपालीलाई देख्दा, नेपालीलाई सहयोग गर्न पाउँदा संसार नै जिते जस्तो लाग्छ", केसी भन्छन्, "सहयोग गर्नुपर्ने अवस्था आउनु विडम्बनाको कुरा हो, तर सहयोग गर्न अवसर पाउनु चाहिँ साह्रै गौरव अनुभव हुन्छ ।"

कोठामा थुनिएर, तीन/चार दिनसम्म खाना खान नपाएका नेपालीलाई उद्धार गरेको क्षण उनी कहिल्यै बिर्सिन्नन् । त्यो बेला उनी आफू पनि निकै भावुक बनेका थिए । त्यही क्षणदेखि नै समाजसेवामा लाग्ने अठोटमा लागेको उनले सुनाए ।

"केही साथीहरूबाट अलपत्र नेपालीहरूको बारेमा खबर आयो, जब हामी पुग्यौँ, त्यो देख्दा हामी आफैँ सम्हालिन सकेनौँ", त्यो क्षण सम्झिँदै केसी भन्छन्, "१५ जना तराईमुलका नेपाली, कयौँ दिनदेखि खान नपाएर एउटै कोठामा थुनिएर बस्नुभएको रहेछ, त्यो बिजोग अवस्था सम्झिँदा पनि जिउ जिरिङ्ग हुन्छ ।"



नेपाली साझा मञ्च साउदी अरेबियाका महासचिवसमेत रहेका केसी साउदीमा अप्ठ्यारो परेका नेपालीको साथी हुन् । उनी जहाँ नेपाली अप्ठ्यारोमा पर्छन्, त्यहाँ पुगिहाल्छन् ।

केसीको बुझाइमा सप्लाई कम्पनीमार्फत नेपाली कामदार लैजान थालिएपछि अरबमा अलपत्र पार्ने अवस्था धेरै बन्यो । त्यस्ता नेपालीलाई फर्काउने काम जेनतेन भइरहेको भए पनि भरपर्दो स्रोत नहुँदा समस्या निरूपण भएको छैन । सरकार जिम्मेवार नबनेसम्म खाडीमा अलपत्र पर्ने क्रम नरोकिने उनको बुझाइ छ ।

साउदी अरेबियाको रियादमा नेपाली राजदूतावास र जेद्दामा महावाणिज्यदुतावासको कार्यालय छ । तर, नेपाली कामदारको ठूलो संख्या दमाम आसपास छ ।

दमामका नेपाली राहदानी नवीकरणका लागि दूतावास पुग्न नै १५ हजार खर्च गर्नुपर्ने बाध्यता रहेको उनले सुनाए । दमाम क्षेत्रमा पनि महावाणिज्य दूतावासको कार्यालय राखेर आफ्ना नागरिकलाई सहयोग गर्नुपर्ने केसीको भनाइ छ ।

### सरकारलाई सुझाव

साउदीमा निकै कम तलब पाउने र जोखिमयुक्त काम गर्नेमा नेपाली कामदार पर्दछन् । जसको कारण अरू नभई सरकार भएको बुझाइ केसीको छ ।

अदक्ष कामदार मात्रै पठाउने परिपाटी हुँदा समस्या बनिरहेको उनले सुनाए । "साउदीमा नेपाली कामदार जान थालेको तीन दशक भइसक्यो, तर यहाँ सबैभन्दा जोखिमयुक्त काम र सबैभन्दा कम तलब नेपालीले पाउँछन्, यसको कारण अदक्ष कामदार आउनु हो", केसीले भनेका छन्, "जसतर्फ सरकारको ध्यानै गएको छैन ।"

साउदीमा आउन चाहनेहरूलाई सीप सिकेर मात्र आउन केसीको सुझाव छ । साउदीमा ड्राइभिङ र कफी मेकरको निकै माग रहेको उनले बताएका छन् ।

पछिल्ला दिनमा साउदीले विदेशी महिला कामदार पनि लैजान थालेको छ । नेपालले बदलिएको साउदी नीतिबाट फाइदा लिन सक्नुपर्ने केसीको बुझाइ छ ।

साउदी सन् २०३४ को विश्वकप फुटबल आयोजना र अन्य महत्वकाक्षी परियोजनाहरू पनि अघि बढाएको छ । कतारमा सम्पन्न विश्वकप फुटबलका रङ्गशाला निर्माणमा नेपाली कामदारले गरेको परिश्रमको साउदी अरेबियाले नजिकैबाट पहिचान गरेकोले उक्त गुडवीलका कारणले नेपाली कामदारले मौका पाउने अवस्था रहेकोले नेपाल सरकार चनाखो भएर लाग्नुपर्ने केसीको सुझाव छ ।



### नेपालमै फर्केर समाजसेवा गर्ने रहर

आमाबुबालाई भगवान मान्ने उनी परिवारसँगै नेपालमै बस्ने चाहनामा छन् । तर, कामको बाध्यताले अरब छाड्न नसकेको उनको गुनासो छ ।

उनलाई सबैभन्दा मन छुने कुरामा, अरबै छँदा बुबाको देहान्त हुन पुग्नु पनि हो । "म अरबमै थिएँ, बुबा बित्नुभयो, अन्तिम क्षणमा पनि सँगै हुन पाइएन", भावुक हुँदै केसीले सुनाए ।

केसी आफ्नै जन्मभूमिमा आएर केही गर्ने सोचमा पनि छन् । साउदीमा जस्तै नेपालको बजार व्यवस्था बनाउन सके, कति राम्रो हुन्थ्यो होला भन्ने कल्पना केसीको छ ।

"मसँग उत्पादनको अनुभव त छैन तर, बजार व्यवस्थापनको राम्रो अनुभव छ, नेपालको बजारलाई कसरी व्यवस्थित बनाउने, कसरी उपभोक्ता रोजाइअनुसारको उत्पादन उपलब्ध गराउने, जस्ता कुराको आइडिया छ", उनी भन्छन्, "नेपालमा पनि स्वस्थ प्रतिस्पर्धात्मक मार्केट हुनुपर्छ, उपभोक्ताको हितलाई ख्याल गर्ने खालको हुनुपर्छ ।"



# पछुतो

कथा



■ कुञ्ज देवी उपाध्याय

आगोमा हात हाल्दा डढ्छ भनेर सबैले जान्ने कुरा हो । त्यसले पनि बलेको आगोमा फाल हानेकै हो । अहिले रोएर के गर्ने ?

"के भयो हजुरआमा ? के डढ्यो ?"

"तै इन्दिरा ! आज रोएर सुनाउँछे । पहिलै रोएकी भए आज भोग्नै पर्ने थिएन ।"

"कुरो त सही हो हजुरआमा । तर, के गर्नु । आफ्नै खुन हो । माया मार्न पनि सकिँदैन ।"

"म सक्छु । त्यसले मलाई लात मारेर गएकी धेरै सुख पाउँछु भनेर, एउटी स्वास्नी, छोरा छोरी भएकोसँग जाने अन्धी हो त्यो ।"

आफ्नो जागिर हुँदा पनि इन्दिरा अनुपमसँग भागेर बिहे गर्छे । उसलाई घर आउन दिएनन् । आमा साह्रै भनेको सुनेर ऊ रुन्छे । सबैसँग गुहार माग्छे । तर, आमाको मन पग्लिँदैन ।

उनी बिरामी अवस्थामा छोरालाई भन्छिन्, "त्यसले मेरो साह्रै मन दुखाएर गएकी हो । म जिउँदै छउन्जेल मेरो घरमा पाइला हाल्नु नदिनु ।"

इन्दिरा हरिहर पण्डितकी एक मात्र छोरी । एउटा छोरो र एउटी छोरीसँग अत्यन्तै खुसी थिए हरिहर । उनी जागिर खान्थे । पैसाको कमी थिएन । परोपकारी हरिहर सबैलाई सहयोग गर्थे । घरमा आमा, पत्नी र दुई छोरा छोरी रमाइलो माहौलमा दिन बिताउने गर्थे ।

इन्दिरा सुन्दर र सुशील थिइन् । पढाइमा अब्बल दर्जाको विद्यार्थी थिइन् उनी । नृत्य, गीतमा पनि रुचि राख्ने गर्थिन् । सबैले धेरै माया गर्ने गर्थे । छोरो अमल भने विपरीत थियो । ऊ पढ्नभन्दा चित्र आँक्न मन पराउँथ्यो । दिनभरि भित्र पसेर आँकिरहन्थ्यो । उनी आमा छोरोलाई लिएर धेरै चिन्तित थिइन् ।

एक दिन हरिहर बिहानै खाना खाएपछि अफिस जान निक्लन्छन् । उनी पत्नीको हातको पान चपाउँदै छोरीलाई गाला मुसार्दै माया गर्छन् अनि सानो छोरालाई गालामा चुम्बन गर्दै भन्छन्, "बाबु स्कुलमा गएर राम्रोसँग पढ्नु ल । म भरे धेरै पापा (मिठाई) लिएर आउँछु ।"

उनीहरू बेलुकासम्म बाटो हेरि रहे तर, पिताजी घर आएनन् । केही खबर पनि आएन । आमाले चिन्ता गर्दा गर्दै चुल्होमा आगो बालिनन् । नानीहरू त्यसै सुते । भोलिपल्ट बिहान यताउता खबर गरिन् । केही खबर नपाएर हताश हुँदै घर आएर पस्नासाथ एउटा गाडी आउँछ अनि पुलिस चौकी लिएर जान्छ ।

त्यहाँ उनका पतिको मृत देह देखेपछि उनी त्यहीँ मुर्छा पर्छिन् । कसैले हत्या गरी कालभार्ट छेउ फालेको अवस्थामा फेला परेको कुरा पुलिसले जानकारी गराउँछन् ।

कसले घरसम्म ल्याए ऊ केही जान्दिनन् ।

पाँच वर्षको छोरो त्यो देखेपछि बेहोस हुन्छ अनि सधैँको लागि बोली रोकिन्छ ।

ऊ लाटो त हैन तर, के बोल्ने के नबोल्ने जान्दैन । एकोहोरिएको जस्तो हुन्छ ।

इन्दिरा आमा र हजुरआमासँग बढ्दै गइन् । सुन्दर हुनाले स्कुलमा धेरै केटा उनका साथी बने । कलेज पुगेपछि स्कुलदेखि भेटेको अरुणको प्रेममा परिन् उनी ।

ऊ घरमा पनि आउने-जाने गर्थ्यो । आमा, हजुरआमा दुवैलाई विश्वास दिलायो । इन्दिरालाई बिहे गर्छु भनेर ।

भाइ अमललाई केही कुराको मतलब हुँदैनथ्यो । ऊ स्कुल जान्थ्यो, आउँथ्यो । अरुण धेरै धनवान् घरको छोरो । उसका घरमा इन्दिरालाई कसैले मन नपराउने । बुबा आमाले अरुणलाई छिट्टै बिहे गर्ने निर्णय लिन्छन् अनि आफूजस्तै धनी घरकी छोरी कान्तासँग बिहे ठिक गर्छन् । ऊ ना गर्न सक्दैन ।

इन्दिरा रोएर पागल झैँ हुन्छे, तर उसको दुःख बुझ्ने कोही हुँदैन । आफ्नो वेदना समेटेर फेरि पढाई गर्छिन् इन्दिरा ।

आफ्नो कर्तव्यनिष्ठ स्वभावले उनी एउटा विद्यालयमा शिक्षिकाको पदमा जागिर पाउँछिन् ।

दुई छोरा छोरी जन्मिएर हुर्किसकेको अरुण फेरि इन्दिराको वरि परि मडरिन थाल्छ, अनि दुवैको बिच पहिलो प्रेम जाग्न लाग्छ । ऊ सनै सनै इन्दिराको घर गएर धेरै समय बिताएको हजुर आमा र आमा मन पराउँदैनन् तर, केही भन्न पनि सक्दैनन् ।

अन्धो प्रेमलाई जित्न नसकेर एक दिन दुवै भागेर बिहे गर्छन् । धन दौलतको अहंकार छाएको अरुण केही दिन एक किरायाको कोठामा इन्दिरासँग बिताउँछ अनि उसलाई त्यहीँ छोडेर आफ्नो घर जान्छ । त्यति बेलासम्म उसकी पहिलो पत्नीले कोर्टमा केस दर्ता गरिसकेकी हुनाले ऊ लुत्रुक्क परेर घरमा बस्ने गर्छ ।

बेहाल इन्दिरा केही महिनासम्म त्यतै बसेर आफ्नै आमाको घर फर्कन मन गर्छिन् । विश्वासघाती छोरीसँग आमा र हजुरआमा धेरै रिसाएका हुनाले उनीहरू अब उसको मुख नहेर्ने फैसला सुनाउँछन् ।

तर, कति दिन ? कुन आमाले आफ्नो छोरीको दुःख हेरिरहन्छ सक्छन् ? आमा त आमा हो, धरती हो । उनी रातदिन रोइ रहने गर्छिन् । छोरीको गल्ती माफ गरेर घर बोलाउने सहमति माग्छिन् सासूसँग ।

हजुरआमा मान्नै खोज्दिनन् । उनी आफूलाई लत्त्याउँदै गएको सम्झन्छिन् ।

इन्दिराको आमाको ओछ्यान लाग्छ । सही उपचार नभएको खबरले इन्दिरा व्यथित हुन्छिन् अनि जे गरे पनि गरुन् भन्दै आफ्नो घरमा घुरेर आउँछिन् । आमाको उपचार गर्छिन् । आफ्नो आँसु लुकाएर आमालाई सान्त्वना दिन्छिन् ।

उनी बारम्बार अनुभव गर्छिन्, आफ्नो गल्ती । भाइ बोल्दैनन्, हजुर आमा बोल्नुहुन्न । तै पनि उनी प्रण गर्छिन् सँगै जिउने । अब समय आएको छ अर्को फैसला लिने... इन्दिरा सोचमा डुबुल्की मार्दै अनुभव गर्छिन् । अवहेलित भएर कति बस्ने ? एउटा घर आफ्नो पनि त बनाउनु छ ।

कविता

## अधुरो कहानी



खुसी जोशी

कस्तो थियो होला त्यो प्रेम ?
जसको निम्ति यो कविता लेखियो !
कस्तो हुला म यतिसम्म, कि सोच्छु
तिम्रै कुरा र डुबेको छु तिम्रै कल्पनामा
जो छ अर्कैको अँगालोमा अहिले ।
सदैव तिम्रै कल्पनामा हुन्छु
यो कुरा बिर्सेर
कि अब हुन सक्ने छैनौ
तिमी मेरो कहिले पनि ।
सय थरी कुरा गरी मेरो मनमा
कविता लेख्ने भावना जगायौ
तर, अन्तिममा त केवल
कल्पनामा सीमित गरायौ
के मेरो भावनाहरू व्यर्थ भए त ?
के यो दिन अहिले आउनु नै थियो र ?
सपना टुट्ने डर अन्त्यमा साँचो नै भए ।
के मेरो मनमा तिमीसँग बिताएका
ती मीठा पल व्यर्थ नै रहे त ?
भुल्न सजिलो होला तिमीलाई
के यो सबै साँच्चिकै भएकै हो त ?
तिमि साँच्चिकै खुसी भयौ त ?

## प्रकृति स्वरूपका निहित शरीर



डा.सुमनकुमार रेग्मी

प्रकृति स्वरूपका निहित शरीर ।
प्रकृति स्वरूपका निहित शरीर ॥

प्रकृति स्वरूपका जीवित शरीर ।
चातुर्यले संसारमा त्यही हो शरीर ॥
सारा चिज मस्तसँग हेरे शरीर ।
हेर्नुमा के हो भन्ने छैन शरीर ॥

स्वतन्त्र स्वच्छ आँखाले हेरेर शरीर ।
आलोचनात्मक दृष्टिले हेर शरीर ॥
सुद्ध अशुद्ध अमूल्य फ्याँकी शरीर ।
सुदिकालाई बाँड अशुद्धि शरीर ॥

प्रकृति स्वरूपका निहित शरीर ।
प्रकृति स्वरूपका निहित शरीर ॥

### भूलसुधार

यस मध्यान्ह दैनिकको वर्ष २२, अंक २४३, मिति २०८१ कात्तिक ३ गते शनिबारको पृष्ठ ४ मा प्रकाशित कवि गणेश लोहनीको मुक्तकमा अन्यथा शीर्षक परेको हुँदा पाठकवर्गमा पर्न गएको असुविधाप्रति क्षमाप्रार्थी छौं । -सं.

### तपाईंको राशिफल

मेष : जोखिम भएको काममा विशेष सावधानी राख्नुपर्छ । साझेदारीमा ध्यान दिनुहोला ।

वृष : विरोधीहरू असफल हुनेछन् । आफन्तहरूसित लेनदेनमा सावधानी राख्नुहोला ।

मिथुन : नयाँ कामको लागि समय अनुकूल छ । खर्चमाथि भने ध्यान राख्नुपर्छ ।

कर्कट : सबै कार्यमा अनूकुल सफलता मिल्नेछ । स्वास्थ्यमा सुधार आउनेछ ।

सिंह : सामाजिक जीवन प्रभावशाली रहनेछ । यात्राको लागि समय उत्तम छ ।

कन्या : मनोबल उच्च रहनेछ । नयाँ अनुबन्ध प्राप्त हुनेछ ।

तुला : रोकावटपछि सफलता प्राप्त हुनेछ । धैर्यताको साथ काम गर्नु होला ।

वृश्चिक : जोखिम भएको कार्य गर्नु हुँदैन । धनमाथि विशेष नियन्त्रण राख्नु होला ।

धनु : अनावश्यक काममा समय खेर जानेछ । नयाँ सम्बन्ध बन्ने योग छ ।

मकर : अनावश्यक खर्चमाथि नियन्त्रण आवश्यक छ । पराक्रम बढ्ने योग छ ।

कुम्भ : सामान्य रोकावटले मनमा अशान्ति दिनेछ । पैतृक कार्यमा सफलता मिल्नेछ ।

मीन : आलसले गर्दा काम खराब हुनसक्छ । भगवान विष्णुको जप गर्नुहोला ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल, फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# सम्पूर्ण अमेरिकीले चाहेको राष्ट्रपति बन्ने इच्छा छ : ह्यारिस

**काठमाडौं/एजेन्सी-** अमेरिकी राष्ट्रपति चुनावमा दुई हप्ताभन्दा कम समय बाँकी हुँदा अमेरिकी उपराष्ट्रपति कमला ह्यारिसले आफू सम्पूर्ण अमेरिकी जनताले चाहेको राष्ट्रपति बन्ने इच्छा व्यक्त गरेकी छन् ।

जर्जियामा चुनाव प्रचारका लागि प्रस्थान गर्नुअघि एक पत्रकार सम्मेलनमा पत्रकारहरूसँग कुरा गर्दै ह्यारिसले लोकतान्त्रिक भविष्यका बारेमा चिन्ता व्यक्त गर्ने पुरुष र महिलाहरूलाई समान रूपमा हेरेको बताएकी छन् । पूर्व अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले दोस्रो कार्यकालका लागि र उपराष्ट्रपति कमला ह्यारिसले ह्वाइट हाउसमा पहिलो कार्यकालका लागि उम्मेदवारी दर्ता गराएका हुन् ।



कमला ह्यारिसले अमेरिकी जनताले उनीहरूले सामना गर्ने चुनौतिको सामना गर्न सक्षम राष्ट्रपति चाहेको बताएकी छन् । उनले प्रतिद्वन्द्वी डोनाल्ड ट्रम्पलाई जनताको मौलिक स्वतन्त्रता खोसेको आरोप समेत लगाएकी छन् ।

त्यसैगरी, मतदानमा लैंगिक अन्तरको मुद्दामा सोधिएको प्रश्नको जवाफमा ह्यारिसले भनिन्, 'म तपाईंसँग इमानदार हुनुपर्दछ, पुरुष र महिला दुबैले हाम्रो लोकतान्त्रिक भविष्यको बारेमा समान मात्रामा आफ्नो चिन्ता व्यक्त गरिरहेको मैले देखिरहेको छु, उनीहरू देशले सामना गर्ने चुनौतिको सामना गर्न सक्षम राष्ट्रपति चाहन्छन् । त्यसैले, मैले वास्तवमा त्यस्तो असमानता देख्दिनँ, र म सबै अमेरिकीहरूले चाहेको राष्ट्रपति बन्न चाहन्छु ।'

उनले सीमा मुद्दाबारे कुरा गर्दै अमेरिकी सीमा सुरक्षाको सुनिश्चितता आफ्नो सर्वोच्च प्राथमिकताको विषय रहेको बताएकी छन् । कमला ह्यारिसले बिहीबार (स्थानीय समय) जर्जियामा पहिलो पटक पूर्वअमेरिकी राष्ट्रपति बराक ओबामासँग चुनावी प्रचार गर्ने अपेक्षा गरिएको छ ।

अभियान अधिकारीहरूका अनुसार ह्यारिस शनिबार पूर्वअमेरिकी प्रथम महिला मिशेल ओबामासँग मिशिगनमा उपस्थित हुने तयारी गरिएको छ । पूर्वराष्ट्रपति बाराक ओबामा र मिशेल ओबामाले जुलाईमा ह्यारिसलाई राष्ट्रपति उम्मेदवारको रुपमा समर्थन गरेका छन् ।

# चक्रवात दानाको अवतरणपछि भारतमा भारी वर्षा



**काठमाडौं/एजेन्सी-** तीव्र चक्रवाती आँधी दानाको अवतरणपछि पूर्वी भारतीय राज्य ओडिसा र पश्चिम बंगालका तटीय क्षेत्रहरूमा शुक्रबार भारी वर्षा भएको अधिकारीहरुले जनाएका छन् । अधिकारीहरूका अनुसार चक्रवात दानाले ओडिसाको केन्द्रपारा जिल्लाको भितरकनिका र भद्रकको धामराको बिचमा मध्यरातमा अवतरण गरेको थियो ।

करिब १००-११० किलोमिटर प्रति घण्टाको गतिमा आएको चक्रवातले ओडिसा र पश्चिम बंगालका धेरै क्षेत्रहरूमा रूखहरू ढलाउनुका साथै बिजुलीका तार हरूमा क्षति पुऱ्याएको जनएइको छ । चक्रवातले केही अत्यावश्यक नागरिक सेवाहरूमा बाधा पुगेको छ भने बालीलाई क्षति पुऱ्याइ प्रभावित क्षेत्रको जनजीवनमा असर पारेको छ । यद्यपि अहिलेसम्म कुनै हताहत भएको खबर आएको छैन ।

भारतीय मौसम विज्ञान विभाग (आइएमडी) का अनुसार दाना चक्रवातको अवतरण प्रक्रिया सम्पन्न भइसकेको छ । चक्रवात उत्तर ओडिसा हुँदै उत्तरपश्चिमतर्फ बढ्ने र आगामी पाँच घन्टामा बिस्तारै कमजोर हुने सम्भावना छ ।

चक्रवातको अवधिमा सावधानीको लागि बन्द गरिएका भुवनेश्वर र कोलकाताका हवाइ तथा रेल सेवाहरू शुक्रबार बिहानदेखि पुनः शुरु भएको अधिकारीहरूले जनाएका छन् । प्रभावित राज्यका स्थानीय सरकारहरूले करिब दश लाख मानिसहरूलाई सुरक्षित स्थानमा स्थानान्त्रण गरी विद्यालयहरू बन्द गरेको सुचना जारी गरेका थिए ।

# लेबनानमा पाँच इजरायली सैनिकको मृत्यु



**काठमाडौं/एजेन्सी-** इजरायल डिफेन्स फोर्स (आईडीएफ)ले राति दक्षिणी लेबनानमा रकेट प्रहार हुँदा पाँच सैनिकको मृत्यु भएको र अन्य चार जना गम्भीर घाइते भएको एक विज्ञप्तिमा जनाएको छ । आईडीएफका अनुसार मारिनेहरूमा दुई अधिकारीसहित आठौं सशस्त्र ब्रिगेडका जवानहरू थिए ।

इजरायलको सरकारी स्वामित्वको कान टिभी समाचारका अनुसार सैनिकहरूले गाउँमा आपूर्ति गरिरहेका बेला लेबनानी गाउँको एउटा घर अगाडि हिजबुल्लाहद्वारा रकेटले आक्रमण गरेको थियो ।

उक्त घटनामा सात इजरायली सैनिकलाई सामान्य चोट लागेको र अन्य १० जना सामान्य घाइते भएको बताएको छ । यस घटनाले बुधबार र बिहीबार दक्षिणी लेबनानमा मारिएका इजरायली सैनिकको संख्या १० पुगेको छ, जबकि ११ गम्भीर घाइते भएका छन् । साथै इजरायली वायुसेनाले बिहीबार दक्षिणी लेबनानमा हिजबुल्लाहको रडवान एलिट इकाईका कमाण्डर अब्बास अदनान मोस्लेमलाई मारेको छ । इजरायली सेनाले बिहीबार दक्षिणी लेबनानमा दुई सयभन्दा बढी हिजबुल्लाह लक्ष्यहरू आक्रमण गरका विज्ञप्तिमा भनिएको छ ।

# इन्डोनेसियाबाट १५० भन्दा बढी रोहिंग्या शरणार्थीको उद्धार



**काठमाडौं/एजेन्सी-** इन्डोनेसियाबाट अधिकांश महिला तथा बालबालिका सहित १५० जना भन्दा बढी रोहिंग्या शरणार्थीको उद्धार गरिएको संयुक्त राष्ट्रसंघीय शरणार्थी एजेन्सीले शुक्रबार जनाएको छ । एजेन्सीका अनुसार उनीहरू चढेको डुंगा समुद्रमा केही दिनदेखि फसेको अवस्थामा उनीहरुको उद्धार गरिएको हो ।

मुस्लिम समुदाय निकट रोहिंग्याहरू म्यानमामा पीडित भएकाले हरेक वर्ष हजारौंको संख्यामा मलेसिया इन्डोनेसियालगायतका देशमा पुग्नका लागि खतरापूर्ण समुद्री यात्रा गर्ने गर्छन् ।

करिब १५२ जना यात्रु बोकेको डुंगा दक्षिण आचेह जिल्लाको तटबाट एक माइल टाढा केही दिनसम्म रहेकिएको थियो । केही दिनपछि अधिकारीहरूले उनीहरूलाई अवतरण गर्न दिने निर्णय गरेसँगै अन्ततः बिहीबार दिउँसो उनीहरूलाई किनारमा ल्याइएको हो । मानव जीवन बचाउने प्रयासका साथै करिब शरणार्थीलाई अवतरण अनुमति दिएकोमा युएनएचसीआर अधिकारी र स्थानीय समुदायलाई युएनएचसीआरका फैसल रहमानले धन्यवाद दिएका छन् । उनका अनुसार शरणार्थीमध्येका धेरै जना कमजोर महिला तथा बालबालिका थिए जो मानव बेचबिखनको सिकार भएका थिए ।

इन्डोनेसिया राष्ट्रसंघीय शरणार्थी महासन्धिको हस्ताक्षरकर्ता नभएकाले म्यानमाबाट शरणार्थीहरू लिन बाध्य नभए नि छिमेकी देशहरूको बोझ बाँड्न र किनारमा आइपुगेका रोहिंग्याहरूलाई पुनः स्थापित गरी मानवियता रक्षा गर्न आह्वान गरिएको छ ।


## कर्मचारी हटाइएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **Fine Job Recruitment Pvt.Ltd.** (**श्रम इजाजत पत्र नं. ११८०/०७३/०७४**) पब्लिक रिलेशन म्यानेजरका रुपमा कार्यरत कर्मचारी **नरेन्द्र कुमार नेउपाने खत्री**, नागरिकता नं ३२३३९३१४ लाई यस कम्पनीबाट हटाइएको व्यहोरा सर्वसाधारणको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ । साथै निजसँग यस कम्पनीको हैषियतमा कोही कसैले यस कम्पनीसँग सम्बन्धित कुनै पनि किसिमको कारोबार नगर्नु/नगराउनु होला । यदि गरे गराएमा यस कम्पनी जवाफदेही नहुने व्यहोरा पनि यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै कोही कसैको केही गुनासो भएमा यस कम्पनीको कार्यालय वा वैदेशिक रोजगार विभाग, ताहाचल, काठमाण्डौंमा ७ दिनभित्र सम्पर्क गर्नु हुन यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

Fine Job Recruitment Pvt.Ltd. श्रम इजाजत नं. ११८०/०७३/७४
P.O.Box : 6163, Sinamangal-9, Kathmandu, Tel 4110721, 4110722



## Qatar मा रोजगारको अवसर — The Diplomatic Club

पूर्व स्वीकृति मिति: २०८१/०७/०८ चलानी नं. ६०२२७१२८ LT No.: 312706

| सि.नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | QR | ने.रू. | | | | | | | |
| १. | Driver | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1900 | ७००५८।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | | २ वर्ष |
| २. | Gen Clean Worker | 15 | 15 | | 1000 | ३६,८७२।- | | | | | | | |
| ३. | Waiter | 0 | 15 | | 1400 | ५१,६२०।- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८/- कामदार आफैले | रु. १,५००/- कामदार आफैले | रु. ७००/- कामदार आफैले | नि:शुल्क |

अन्तरवार्ता २०८१ कार्तिक १७ गते (2 Nov., 2024) यस प्रा. लि. को कार्यालय, बालुवाटार, काठमाडौंमा हुनेछ ।

Continental HRD Consultants Pvt. Ltd.
Gov.Lic.no.: 983/067/068
Baluwatar, Kathmandu Tel.: 01-4545550, 4530003, 4515055, 9813101269 9851016295, Branch Office Damak-05, Jhapa: 023-582306, 9801414602 Branch Office Pokhara-8, Sabhagrihachowk: 061-581724, 581728, 9810143365
E-mail: continentalnepal01@gmail.com | Web: www.continentalhrd.com



## कुवेतमा रोजगार

कम्पनी: MIDDLE EAST SPECIALIZED CO. FOR GENERAL CONTRACTING ROADS & BRIDGES / शहर: Kuwait
पूर्व स्वीकृत मिति: २०८१/०७/०८ चलानी नं.: ६०२२७१३९ LT. No.: 312687

| सि.नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | KD | ने. रू. | | | | | | | |
| 1. | Heavy Driver/ Driver | 7 | 0 | स. काममा दक्ष | 170 | ७४,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ कार्तिक १७ गते (2 November 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

फ्रेन्डशिप म्यानपावर कन्सल्टेन्सी प्रा. लि.
इजाजत पत्र नं. ३९८/०६०/०६१
बसुन्धारा-३, काठमाडौं, नेपाल फोन: ५९०४९५५, फ्याक्स: ४४३४४६६
Email: info@friendshipmanpower.com | Web.: www.friendshipmanpower.com



## साउदी र साइप्रसमा रोजगार

कम्पनी: Abdullah Yasser bin Abdullah Al-Rashoudi Restaurants for providing meals
पूर्व स्वीकृत मिति:२०८१/०७/०८ चलानी नं.:६०२२७१२४ LT. No.: 312703 शहर: SAUDI

| सि.नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | SR | ने. रू. | | | | | | | |
| 1. | F&B Waiter | 1 | 0 | स. काममा दक्ष | 1300 | ४६,४६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: DE LAVORO AGENCY LTD शहर: Cyprus,Limassol पूर्व स्वीकृत मिति:२०८१/०७/०९ चलानी नं.:६०२२७१७३ LT. No.: 312614

| सि.नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | EURO | ने. रू. | | | | | | | |
| 1. | Domestic Worker | 5 | 20 | स. काममा दक्ष | 400 | ५७,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ कार्तिक १७ गते (2 November 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | साउदीको नि:शुल्क साइप्रसको ८०,००० |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

GLOBAL RISING PLACEMENT PVT. LTD. Govt. Lic. No. 1616/079/080
Pingalasthan-9, Gaushala, Kathmandu, Nepal cv@globalrisingplacement.com
www.globalrisingplacement.com 01- 5915317 | 5917318 9801316640, 9801316636, 9801316653.



## कुवेतमा रोजगार

कम्पनी: ALLIANCE BUILDING AND ROAD CLEANING CONTRACTING COMPANY शहर : KUWAIT
पूर्व स्वीकृत मिति: २०८१/०७/०९ चलानी नं.:६०२२७१३२ LT. No.: 312673

| सि.नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | KD | ने. रू. | | | | | | | |
| 1. | Cleaner General | 35 | 0 | स. काममा दक्ष | 95 | ४१,६०७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ कार्तिक १७ गते (2 November 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

H.R. International Employment Services Pvt. Ltd.
Gov. Lic No. 247/058/059
G.P.O. Box. No. 8974, CPC 203, Gairidhara-01, Kathmandu, Nepal
Tel:- 01-4521336, 4528508, Mob :- 9868005965 | 9808018084, Email: hrintl2016@gmail.com / info@hrinter.com, Website: www.hrinter.com



## साउदीमा रोजगारको अवसर

कम्पनी: TAHTHEEB AL KHALEEJ TRADING COMPANY शहर: AL KHOBAR
पूर्व स्वीकृत मिति: २०८१/०७/०८ चलानी नं.: ६०२२७१०५ LT. No.: 312636

| सि.नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | SR | ने. रू. | | | | | | | |
| 1. | Nail Technicial(Manicurist/Pedicurist) | 1 | 0 | स. काममा दक्ष | 1200 | ४२,८८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ कार्तिक १७ गते (2 November 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

हेभन ओभरसिज प्रा. लि.
श्रम इजाजत पत्र नं.: ३७७/०५९/०६०
पोष्ट बक्स नं: ९९२४, पिंगलास्थान, गौशला, काठमाडौं, फोन: ४११३६४४, ४११३७७८, फ्याक्स: ४११३७७८
E-mail : heaven@wlink.com.np, Web:www.heavenoverseas.com



## यूएईमा रोजगार

कम्पनी : EFS FACILITIES SERVICES (EFS L.L.C.) शहर : UAE
पूर्व स्वीकृत मिति:२०८१/०२/२२ चलानी नं: ६०२२०६१० L.T. No.: 305759 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | AED | ने. रू. | | | | | | | |
| 1. | Cleaner | 114 | 0 | स. काममा दक्ष | 800 | २९,२३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MELLOW TRADING LLC शहर : UAE
पूर्व स्वीकृत मिति:२०८१/०१/०२ चलानी नं: ६०२१८२८६ L.T. No.: 303464 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | AED | ने. रू. | | | | | | | |
| 1. | Porter | 3 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २९,२३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Loading And Unloading Worker | 2 | 0 | | 800 | २९,२३२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ कार्तिक १७ गते (2 November 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Hope International (P) Ltd.
License No: 857/066/67
Chakrapath, Maharajgunj, Kathmandu (Opposite Bhatbhatini Super Market)
Tel: (Hotline): 01-4002151, 01-4002139, 9818943149
Email: info@hopeintlnepal.com, Website: www.hopeinternational.com.np
For Location



## साउदीमा रोजगार

कम्पनी: ANAM AL-SAHBA A LIVESTOCK COMPANY IS A ONE PERSON COMPANY शहर: DAMMAM
पूर्व स्वीकृत मिति: २०८१/०७/०६ चलानी नं.: ६०२२७१४२ L.T. No.:312553

| सि.नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | SR | ने. रू. | | | | | | | |
| 1. | Agriculture and Farm Workers Male | 3 | 0 | स. काममा दक्ष | 1100 | ३९,३१४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ कार्तिक १७ गते (2 September 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

एड्भेन्चर ह्युमन रिसोर्स प्रा. लि.
श्रम इजाजत पत्र नं. ७४५/०६४/०६५
ठेगाना: सितापाईला, काठमाडौं, नेपाल । फोन नं: ०१-५३८२५९०



## कुबेतमा रोजगार

कम्पनी: AL HOMAIZI FOOD STUFF CO. शहर: Kuwait पुन:विज्ञापन
पूर्व स्वीकृत मिति: २०८०/०१/१९ चलानी नं.: ६०२००८९५ L.T. No.: 285457

| सि.नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | KD | ने. रू. | | | | | | | |
| 1. | Delivery Driver (Light Driver) | 40 | 0 | स. काममा दक्ष | 180 | ७८,८६२ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |
| 2. | Team Member | 80 | 45 | | 180 | ७८,८६२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ कार्तिक २५, २६ र २७ गते (10, 11 & 12 Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

अजम्बरी ओभरसिज सर्भिसेज प्रा. लि.
श्रम इजाजत पत्र नं.: ७१६/०६४/०६५
सिनामंगल, काठमाडौं, नेपाल, फोन: ०१-४५६९३७२ ०१-४५६१०७७, ९८४९१७०६०२, ९८२३३५१५४५



## साउदीमा रोजगार

कम्पनी : HASHER GHAZI AL-SAHLI &SONS CO.LTD कम्पनी : Dammam
पूर्व स्वीकृत मिति: २०८०/०६/१७ चलानी नं.: ६०२०८६९५ LT. No.: 293519 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | SR | ने. रु. | | | | | | | |
| 1. | Heavy Truck Driver | 3 | 0 | स. काममा दक्ष | 1800 | ६४,३३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ कार्तिक १७ गते (2 Novermber 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु १०,०००/ |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

